# बार्षिक प्रतिवेदन

## २०७३/७४

आन्तरिक राजस्व विभाग

नेपाल सरकार

अर्थ मन्त्रालय

# आन्तरिक राजस्व विभाग

लाजिम्पाट, काठमाडौं

आर्थिक राजस्व विभाग

# भूमिका

आर्थिक वर्ष २०७३/०७४ को राजस्व नीतिका उद्देश्यमध्ये लगानी मैत्री करनीतिको माध्यमबाट आर्थिक समृद्धिको जग बसाल्ने र आर्थिक क्रियाकलाप मैत्री कर प्रणालीको कार्यान्वयनबाट अर्थतन्त्रलाई गतिशील बनाउने विषयलाई यस विभागले आत्मसाथ गरेको छ । राजस्व संकलनको वैकल्पिक कार्य योजना कार्यान्वयन, कर प्रशासनको चुस्त तथा करदातामैत्री सेवा प्रवाह, कार्य फछ्र्यौटमा शीघ्रता, कर संकलन गर्न सकिने नयां क्षेत्रको पहिचान गरी विभागको लागि तोकिएको राजस्व संकलन लक्ष्य पूरा गर्न विभाग सक्षम भएको छ । राजस्व संकलनको चुनौतीपूर्ण लक्ष्य पूरा गर्नका लागि सम्पादन गरिएका कार्यहरुको समीक्षा गरी आ.व. २०७३/०७४ को वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्न पाउंदा मलाई खुसी लागेको छ । विभागका चार वटा महाशाखा अन्तर्गत रहेका विभिन्न शाखाहरु तथा मातहत कार्यालयहरुमा कार्यमूलक लक्ष्य निर्धारण गरी सोही अनुरुप कार्य सम्पादन गर्ने गरेको हुंदा प्रस्तुत प्रतिवेदन समेत राजस्व संकलन, करदाता शिक्षा र सेवा, कर परीक्षण तथा अनुसन्धान, प्रशासकीय पुनरावलोकन, अन्तःशुल्क प्रशासन लगायत अन्य मुख्य मुख्य क्रियाकलाप समावेश गरी तयार गरिएको छ ।

आन्तरिक राजस्व विभागले अन्तर्राष्ट्रिय स्तरमा प्रतिपादन एवं अवलम्वन गरिएका कर सम्बन्धी नयाँ सिद्धान्त तथा व्यवहारलाई समेत सूक्ष्म रुपमा अध्ययन, विश्लेषण गरी कर कानूनमा गर्नुपर्ने समसामयिक व्याख्या एवं सुधार गर्दै आएको छ । सोही अनुरुप सूचना प्रविधिको प्रयोग र करदाता शिक्षामा जोड दिंदै करदातामैत्री कर प्रशासनको माध्यमबाट आन्तरिक राजस्व परिचालन बढाउने लक्ष्य अनुरुप आ.व. २०७३।७४ मा लक्ष्यको तुलनामा १११ प्रतिशत राजस्व असुली हुन गएको छ । आर्थिक वर्ष २०७३/७४ मा आन्तरिक राजस्व विभागको राजस्व संकलनको लक्ष्य रु २ खर्व ३३ अर्व ६० करोड रहेकोमा रु २ खर्व ५८ अर्व १७ करोड राजस्व संकलन भई गत वर्षको तुलनामा २६ प्रतिशतले वृद्धि हुन गएको छ । आगामी दिनमा कूल राजस्वमा आन्तरिक राजस्वको योगदान बढाई कर प्रणालीलाई सवल र प्रभावकारी बनाउन विभागले करदाता शिक्षालाई अभियानको रुपमा संचालन गर्ने, बजार अनुगमनलाई प्रभावकारी र नतिजामुखी बनाउने, सूचना प्रविधिको प्रयोगमा व्यापकता ल्याउने, प्रदर्शन प्रभावी अनुसन्धान र कर परीक्षणमा जोड दिने, मानव स्रोतको क्षमता, सीप विकासमा सघन रुपमा तालिम संचालन गर्ने रणनीति तय गरेको छ । विभागले अवलम्बन गरेको कर प्रणालीको पञ्च वर्षीय रणनीतिक एवं दोस्रो त्रिवर्षीय सुधार योजनाको आधारमा विभागका भावी गतिविधिहरु कार्यान्वयनमा लगिनेछ । कर प्रशासनलाई समयानुकूल बनाउन विद्यमान संरचनामा सुधार तथा कर प्रशासनमा संलग्न जनशक्तिको क्षमता तथा उत्पादकत्व वृद्धि गर्ने तर्फ कार्य योजना सहित कार्य प्रारम्भ गरिएको छ । आगामी दिनमा त्यसको निरन्तरता सहित विभागको संस्थागत संरचनालाई मजबुत र करदातामैत्री बनाउने कुरामा पनि जोड दिइनेछ । सोको परिणाम स्वरुप करको दायरा विस्तार हुन गई आन्तरिक राजस्व संकलनको दिगो आधार खडा हुनेछ ।

विभागको कार्यगत लक्ष्य तथा राजस्व संकलनको लक्ष्य प्राप्ति एवं कर प्रणालीको सुदृढीकरणका सन्दर्भमा प्राप्त मार्गदर्शन, गरिएको प्रयास, सहयोग र समन्वयका लागि करदाता लगायत सरोकारवाला विभिन्न सरकारी, निजी, गैर सरकारी निकाय, संघ संस्था, व्यक्ति तथा विदेशी दातृ निकायहरुबाट भएको सहयोगका लागि कृतज्ञता प्रकट गर्न चाहन्छु । यो वार्षिक प्रतिवेदन तयार गर्न सहयोग गर्नुहुने विभागका उपमहानिर्देशक श्री यज्ञ प्रसाद ढुंगेल, निर्देशक श्री खेम नारायण रेग्मी, शाखा अधिकृत श्री शिवहरी न्यौपाने तथा डिजाइनर श्री दीपक अधिकारीलाई धन्यवाद दिन चाहन्छु । अन्तमा, प्रतिवेदनमा देखिएका कमी कमजोरी सुधार गर्दै आगामी दिनमा यसलाई अझ बढी गुणस्तरयुक्त बनाउन सवै पक्षबाट उचित पृष्ठपोषणको अपेक्षा गरेको छु ।

२०७४ मंसिर १

**किशोर जङ्ग कार्की**

**महानिर्देशक**

आंतरिक राजस्व विभाग

# विषय सूची


कार्यकारी सारांश १

भाग- १ ३

सामान्य जानकारी ३

१. सामान्य जानकारी ४

१.१ परिचय ४

१.२ विभागको सोच, गन्तव्य, लक्ष्य, रणनीति, मूल्य मान्यता, कार्यप्रणालीका बचनबद्धता र प्रतिबद्धताहरू ५

१.३ आन्तरिक राजस्व विभागको संगठनात्मक संरचना र जनशक्ति व्यवस्थापन ८

१.४ विगतको कर प्रशासन सुधारको समीक्षा र आगामी सुधारको सोंच ९

१.५ काठमाडौं घोषणा पत्र, २०७४ १६

भाग - २ १९

आर्थिक वर्ष २०७३/०७४ को समष्टिगत उपलब्धी १९

२. आर्थिक वर्ष २०७३/०७४ को समष्टिगत उपलब्धी २०

२.१ कूल गार्हस्थ उत्पादनसँग राजस्व परिचालनको अनुपात २१

२.२ कूल ग्राहस्थ उत्पादनसँग मूल्य अभिबृद्धि कर, आयकर र अन्तःशुल्क परिचालनको अवस्था २१

२.३ कूल राजस्व संकलनमा आन्तरिक राजस्व विभागको योगदान २२

२.४ कर राजस्व संकलनमा आन्तरिक राजस्व विभागको योगदान २४

२.४ राजस्वको संरचनागत योगदान २४

२.५ पञ्चवर्षीय रणनीतिक तथा त्रिवर्षीय सुधार योजनाको समीक्षा २५

२.६ शाखागत बिश्लेषण २६

२.६.१ करदाता सेवा शाखा २६

२.६.२ अनुसन्धान तथा विकास शाखा ३०

२.६.३ सूचना प्रविधि शाखा ३२

२.६.४ योजना तथा मानव संशाधन विकास शाखा ३४

२.६.५ अनुगमन तथा मूल्यांकन शाखा ३४

२.६.६ वेरुजु शाखा ३६

२.६.७ कानून शाखा ३८

२.६.८ अन्तःशुल्क शाखा ३८

२.६.९ अन्तराष्ट्रिय कर शाखा ३९

२.६.१० कर फिर्ता शाखा ४१

२.६.११ प्रशासकीय पुनरावलोकन शाखा ४३


आन्तरिक राजस्व विभाग

२.६.१२. कर परीक्षण व्यवस्थापन शाखा ४४
२.६.१३ बक्यौता शाखा ४७
२.६.१४ आर्थिक प्रशासन शाखा ४८
२.६.१५ कर परीक्षण पुनरावलोकन शाखा ४९
२.६.१६ नीति विश्लेषण शाखा ५१
२.८ बुढानिलकण्ठ घोषणापत्र २०७३ ५१
२.९ बुढानिलकण्ठ घोषणा पत्र २०७३ को प्रगति समीक्षा ५४
भाग-३ ५५
आन्तरिक राजस्व संकलनको समष्टिगत विश्लेषण ५५
३. आन्तरिक राजस्व संकलनको समष्टिगत विश्लेषण ५६
३.१ विगत आठ वर्षको राजस्व संकलनको अवस्था ५७
३.२ कूल आन्तरिक राजस्व संकलनमा शीर्षकगत असुलीको अंश ५८
३.३ मूल्य अभिवृद्धि कर आन्तरिक र पैठारी संकलन अनुपात ५९
३.४ शीर्षकगत मूल्य अभिवृद्धि कर संकलन (आन्तरिक तर्फ) ६०
३.५ मूल्य अभिवृद्धि करको संरचनात्मक अवस्था (२०७३/७४) ६२
३.६ शीर्षकगत आयकर संकलनको संरचना ६२
३.७ आ.व. २०७३/०७४ मा आयकरको संरचनात्मक अवस्था ६३
३.८ अन्तःशुल्कको संरचनात्मक अवस्था ६४
३.९ आ.व. २०७३/०७४ मा अन्तशुल्क तर्फको संरचनात्मक अवस्था ६५
३.१० आ.व. २०७३/०७४ को राजस्व संकलनको कार्यालयगत अवस्था ६६
३.११ उपत्यका भित्रका करदाता सेवा कार्यालयको राजस्व संकलनको अवस्था ६९
३.१२ सामाजिक सुरक्षा कर ७०
३.१३ उपत्यकाभित्रका आन्तरिक राजस्व कार्यालयहरुको राजस्वमा योगदान ७०
३.१४ उपत्यका भित्रका ठूला करदाता, आन्तरिक राजस्व कार्यालयहरु र करदाता सेवा कार्यालयको राजस्वमा योगदान ७१
३.१५ ठूला करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालयहरु र काठमाण्डौं उपत्यकाभित्रका करदाता सेवा कार्यालयहरुको राजस्व संकलन संरचना ७२
३.१६ उपत्यकाभित्रका ठूला करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय र करदाता सेवा कार्यालयको र उपत्यका वाहिरका आन्तरिक राजस्व कार्यालयहरुको राजस्व संकलन संरचना ७३
३.१७ आकस्मिक लाभकर ७३
३.१८ वाणिज्य बैंकहरुको संस्थागत आयकरको अवस्था ७४
३.१९ पूँजीगत लाभकर ७५
३.२० कारोबार (Turnover) को आधारमा राजस्व संकलनको अवस्था ७५

आन्तरिक राजस्व विभाग

## तालिकाहरुको सूची


| | | |
|---|---|---|
| तालिका १ | कूल ग्राहस्थ उत्पादनमा राजस्व परिचालनको अनुपात | २१ |
| तालिका २ | कूल ग्राहस्थ उत्पादनमा मू.अ.कर, आयकर र अन्तःशुल्कको अनुपात | २२ |
| तालिका ३ | कूल राजस्व संकलनमा आन्तरिक राजस्व विभागको योगदान | २३ |
| तालिका ४ | कूल कर राजस्व संकलनमा आन्तरिक राजस्व विभागको योगदान | २४ |
| तालिका ५ | राजस्वको संरचनात्मक योगदान | २४ |
| तालिका ६ | शीर्षक गत राजस्व संकलनको बनोट | २५ |
| तालिका ७ | पञ्चवर्षीय रणनीतिक तथा त्रिवर्षीय सुधार योजनाको कार्यान्वयन अवस्था | २५ |
| तालिका ८ | संकलन लागत | ४९ |
| तालिका ९ | आ.व. २०७३/७४ को राजस्व लक्ष्य र प्रगति | ५६ |
| तालिका १० | विगत ७ वर्षको राजस्व संकलनको अवस्था | ५७ |
| तालिका ११ | आ.व. २०७२/७३ को शीर्षकगत राजस्व संकलन | ५८ |
| तालिका १२ | मूल्य अभिवृद्धि करको आन्तरिक र पैठारीको अवस्था | ५९ |
| तालिका १३ | मूल्य अभिवृद्धि करको आन्तरिक र पैठारी संकलन अनुपात | ६० |
| तालिका १४ | मूल्य अभिवृद्धि करको शीर्षकगत संकलन | ६१ |
| तालिका १५ | मूल्यअभिवृद्धि करको संरचनात्मक अवस्था | ६२ |
| तालिका १६ | आयकरको शीर्षकगत संकलन | ६३ |
| तालिका १७ | आ.व. २०७३/७४ को आयकरको शीर्षकगत संकलन | ६३ |
| तालिका १८ | अन्तः शुल्कको शीर्षकगत संकलन | ६५ |
| तालिका १९ | आ.व. २०७३/७४ को अन्तःशुल्कको शीर्षकगत संकलन | ६५ |
| तालिका २० | ठूला करदाता कार्यालयको लक्ष्य र संकलन | ६६ |
| तालिका २१ | कार्यालयगत राजस्व लक्ष्य र संकलन | ६७ |
| तालिका २२ | उपत्यकाभित्रका करदाता सेवा कार्यालयको राजस्व लक्ष्य र संकलन | ६९ |
| तालिका २३ | सामाजिक सुरक्षा कर संकलन | ७० |
| तालिका २४ | उपत्यका भित्रका आन्तरिक राजस्व कार्यालयको राजस्व संकलनमा योगदान | ७० |
| तालिका २५ | उपत्यका भित्रका ठूला करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय र करदाता सेवा कार्यालयको राजस्वमा योगदान | ७१ |
| तालिका २६ | ठूला करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय र उपत्यकाभित्रका करदाता सेवा कार्यालयको राजस्व संकलन संरचना | ७२ |
| तालिका २७ | उपत्यकाभित्रका कार्यालय र उपत्यका वाहिरका कार्यालयको राजस्व संकलनमा योगदान | ७३ |
| तालिका २८ | आकस्मिक लाभकर | ७३ |
| तालिका २९ | वाणिज्य बैंकहरुको संस्थागत आयकर | ७४ |
| तालिका ३० | पूंजीगत लाभकर | ७५ |
| तालिका ३१ | कारोवारको आधारमा राजस्व संकलन | ७५ |


आन्तरिक राजस्व विभाग

**चित्रहरूको सूची**


| | | |
|---|---|---|
| चित्र १ | कूल गार्हस्थ उत्पादनसँग राजस्व परिचालनको अनुपात | २१ |
| चित्र २ | कूल गार्हस्थ उत्पादनसँग मू.अ. कर आयकर र अन्तःशुल्क कर राजस्व परिचालनको अवस्था | २२ |
| चित्र ३ | कूल राजस्व संकलनमा आन्तरिक राजस्व विभागको योगदान | २३ |
| चित्र ४ | कुल कर राजस्व संकलनमा आन्तरिक राजस्व विभागको योगदान | २४ |
| चित्र ५ | संकलन लागत | ४९ |
| चित्र ६ | आन्तरिक राजस्वको समष्टिगत विश्लेषण | ५६ |
| चित्र ७ | विगत सात वर्षको राजस्व संकलन | ५८ |
| चित्र ८ | आन्तरिक राजस्व संकलनमा शीर्षकगत असुली अंश | ५८ |
| चित्र ९ | मूल्य अभिवृद्धि कर आन्तरिक र पैठारीको अनुपात | ५९ |
| चित्र १० | शीर्षकगत मू.अ.कर संकलन | ६१ |
| चित्र ११ | शीर्षकगत मू.अ.कर संकलनको प्रगति विश्लेषण | ६१ |
| चित्र १२ | मूल्यअभिवृद्धि करको संरचनात्मक अवस्था | ६२ |
| चित्र १३ | शीर्षकगत आयकर संकलन | ६३ |
| चित्र १४ | आ.व. २०७३/७४ मा आयकरको संरचनात्मक अवस्था | ६४ |
| चित्र १५ | अन्तःशुलकको संरचनात्मक अवस्था | ६५ |
| चित्र १६ | आ.व. २०७३/७४ मा अन्तःशुल्क तर्फको संरचनात्मक अवस्था | ६६ |
| चित्र १७ | ठूला करदाता कार्याल्यको लक्ष्य र संकलन | ६७ |
| चित्र १८ | आ.व. २०७३/७४ को राजस्व संकलनको कार्यालयगत अवस्था | ६८ |
| चित्र १९ | उपत्यका भित्रका करदाता सेवा कार्यालयको राजस्व संकलनको अवस्था | ६९ |
| चित्र २० | सामाजिक सुरक्षा कर | ७० |
| चित्र २१ | उपत्यकाभित्रका आन्तरिक राजस्व कार्यालयहरुको राजस्वमा योगदान | ७१ |
| चित्र २२ | उपत्यकाभित्रका ठूला करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालयहरु र करदाता सेवा कार्यालयहरुको राजस्वमा योगदान | ७२ |
| चित्र २३ | ठूला करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय र उपत्यकाभित्रका करदाता सेवा कार्यालयको राजस्व योगदान | ७२ |
| चित्र २४ | उपत्यकाभित्रका र उपत्यका बाहिरका कार्यालयको राजस्व संकलनमा योगदान | ७३ |
| चित्र २५ | आकस्मिक लाभकर | ७४ |
| चित्र २६ | वाणिज्य वैंकहरुको संस्थागत आयकरको अवस्था | ७४ |
| चित्र २७ | पूंजीगत लाभकर | ७५ |
| चित्र २८ | कारोवारको आधारमा राजस्व संकलनको अवस्था | ७६ |


आन्तरिक राजस्व विभाग

## अनुसूचीहरू


| | | |
|---|---|---|
| अनुसूची १ | आयकर, मूल्य अभिवृद्धि कर, व्यक्तिगत स्थायी लेखा नं. दर्ताको अवस्था | ७७ |
| अनुसूची २ | आ.व. २०७३/७४ सम्म मूल्य अभिवृद्धि कर दर्ताको अवस्था | ७८ |
| अनुसूची ३ | आ.व. २०७३/७४ मा आयकर दर्ता | ७९ |
| अनुसूची ४ | आ.व. २०७३/७४ को संकलन उपलब्धि | ८१ |
| अनुसूची ५ | आन्तरिक राजस्व विभाग मातहत कार्यालयहरुको संगठनात्मक तालिक | ८३ |
| अनुसूची ६ | विभाग अन्तर्गतका कार्यालयहरुको टेलिफोन फ्याक्स | ८५ |


आन्तरिक राजस्व विभाग

# संकेत सूची

| | |
|---|---|
| आ.व. | आर्थिक वर्ष |
| आ.रा.वि. | आन्तरिक राजस्व विभाग |
| आ.रा.का. | आन्तरिक राजस्व कार्यालय |
| उ.म.न.पा. | उपमहानगरपालिका |
| क.से.का. | करदाता सेवा कार्यालय |
| का.म.पा. | काठमाण्डौं महानगरपालिका |
| गा.पा | गाऊँपालिका |
| चा.ए. | चार्टर्ड एकाउण्टेण्ट |
| ठू.क.का. | ठूला करदाता कार्यालय |
| प्रा.लि. | प्राइभेट लिमिटेड |
| म.ले.नि.का. | महालेखा नियन्त्रक कार्यालय |
| मू.अ.कर | मूल्य अभिवृद्धि कर |
| रा.प.प्र. | राजपत्रांकित प्रथम श्रेणी |
| रा.प.द्वि. | राजपत्रांकित द्वितीय श्रेणी |
| रा.प.तृ. | राजपत्रांकित तृतीय श्रेणी |
| रा.प.अ. | राजपत्र अनंकित |
| रु. | रूपैयाँ |
| शा.अ. | शाखा अधिकृत |
| AA | Amended Assessment |
| ABBS | Any Branch Banking System |
| ASYCUDA | Automated System for Customs Data and Management |
| DTAA | Double Taxation Avoidance Agreement |
| EASy | Excise Automation System |
| ECR | Electronic Cash Register |
| EIMS | e-Internal Monitoring System |
| e-PAN | electronic- Permanent Account Number |
| e-TDS | electronic- Tax Deducted at Source |
| FY | Fiscal Year |
| GDP | Gross Domestic Product |
| gIz | German Institute for International Co-operation |
| IT | Income Tax |
| MA | Management Assessment |
| NF | Non - Filer |
| OECD | Orgnization for Economic Cooperation and Development |
| PAN | Permant Account Number |
| PDCR | Posted Data Change Request |
| RAS | Revenue Accounting System |
| RD | Return Detail |
| SMS | Short Massage Service |
| TPS | Taxpayer Service |
| VAT | Value Added Tax |

आन्तरिक राजस्व विभाग

# कार्यकारी सारांश

नेपालमा व्यवस्थित कर प्रणाली थालनी भएको साढे पाँच दशक भइसकेको छ भने स्वयंकर निर्धारणको सिद्धान्तमा आधारित आधुनिक कर प्रणालीको प्रारम्भ भएको करिव दुई दशक भन्दा बढी भइ सकेको छ । समयानुकूल कर प्रणालीमा सुधार ल्याई मुलुकमा समृद्धि र सुशासन कायम गर्ने उद्देश्यले विभिन्न नीतिगत, प्रकृयागत, संरचनागत र व्यवस्थापकीय एवं व्यवहारगत सुधारका प्रयासहरु गरिदै आइएको छ । तथापि अपेक्षाकृत रुपमा मुलुकमा समृद्धि र सुशासन हासिल भइ नसकेको वर्तमान परिप्रेक्ष र विश्वव्यापीकरणको बढ्दो लहर तथा प्रभावको सन्दर्भमा हाम्रो कर प्रणालीमा आउन सक्ने संभावित जटिलताको सम्बोधन गर्न सक्ने गरी आन्तरिक क्षमता विकास र विस्तार गर्न थप प्रयत्न गर्नुपर्ने आवश्यकता  छ ।

कर प्रशासनलाई स्वच्छ, दक्ष, प्रभावकारी, मितव्ययी र स्वचालित सूचना प्रविधियुक्त बनाउदै अर्न्तराष्ट्रिय मूल्य मान्यता अनुरूप करदाता मैत्री र गुणस्तरयुक्त सेवा प्रदान गरी आन्तरिक राजस्वको अधिकतम परिचालन गर्ने उद्देश्यका साथ एकीकृत कर प्रणाली अवलम्वन गर्ने नीति अनुरूप साविकको कर विभाग र मूल्य अभिबृद्धि कर विभागलाई एकीकृत गरी २०५८ साल बैशाख २ गते आन्तरिक राजस्व विभागको गठन भएको हो । आयकर प्रशासन गर्ने कानून विश्वव्यापी रूपमा तुलना योग्य बनाउदै कराधारलाई फराकिलो र दिगो बनाउने गरी निर्माण गर्ने उद्देश्यले विश्वव्यापी प्रचलन अनुरूप २०५८ सालमा आयकर ऐन, २०५८ जारी भई कार्यान्वयनमा आएको १६ वर्ष भइ सकेको छ । त्यसरी नै ठेकेदारी प्रथाबाट विकास हुँदै आएको अन्तःशुल्कलाई आधुनिक र व्यावहारिक बनाउने अभियानको फलस्वरुप अन्तःशुल्क ऐन, २०५८ जारी भई कार्यान्वयनमा आएको १६ वर्ष भएको छ । वस्तु तथा सेवामा लाग्ने बिक्री कर, होटल कर, ठेक्का कर र मनोरञ्जन करहरूलाई प्रतिस्थापित गर्दै एकल आधुनिक करको रूपमा वस्तु तथा सेवामा आधारित अत्याधुनिक, लचिलो र पारदर्शी करको रूपमा मूल्य अभिवृद्धि कर ल्याइएको छ । मूल्य अभिवृद्धि कर ऐन, २०५२ सालमा तर्जुमा भई २०५४ साल मंसिर १ गते देखि लागू गरियो । यो कर लागू भएको पनि १९ वर्ष पुगिसकेको छ ।

कर प्रणालीमा गरिएका सुधार प्रयासको फलस्वरुप आन्तरिक राजस्वको दायरा विस्तार भै कर संकलनमा उल्लेखनीय रूपमा वृद्धि भएको छ । कर कानूनका नीतिगत मार्गदर्शनहरू समय सापेक्ष रूपमा उचित दिशातर्फ उन्मुख हुदै मूल्य अभिवृद्धि कर आन्तरिक राजस्वको प्रमुख श्रोत बन्न पुगेको छ । विभागले देशका विभिन्न २२ स्थानमा रहेका आन्तरिक राजस्व कार्यालयहरू र ठूला करदाता कार्यालय १, काठमाण्डौं जिल्लाभित्र १३ र काठमाण्डौ उपत्यका बाहिर १३ गरी २६ वटा करदाता सेवा कार्यालयहरू मार्फत आफ्नो कर प्रशासनको व्यवस्थापन एवं संचालन गर्दै आएको छ ।

करदाताको कर सहभागिता लागत र समय घटाउन तथा कर प्रशासनमा सुशासन कायम गर्न सरल कार्य प्रक्रियाको निर्माण, जोखिममा आधारित कर परीक्षण, २१ औं शताव्दीलाई सुहाउँदो जनशक्ति विकास, नतिजामा आधारित प्रोत्साहन प्रणाली र कार्य विशिष्टीकरणको लागि संस्थागत सुधार गर्नुका साथै विश्व अर्थतन्त्र र राष्ट्रिय अर्थतन्त्रलाई मुलुकको हित अनुकूल बनाउँदै राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको कराधार वृद्धि र संरक्षण गर्ने गरी कर प्रणालीमा सुधार सहित कर प्रशासन सञ्चालन गर्ने उद्देश्य लिइएको छ । **'गौरवका साथ तिरौं कर, समृद्ध राष्ट्र हाम्रो रहर'** को नारा सहित पाँचौ राष्ट्रिय कर दिवस मनाइएकोमा **'हाम्रो पौरख हाम्रो कर, राष्ट्र निर्माणको दिगो भर'** नाराका साथ छैटौ राष्ट्रिय कर दिवस २०७३ को संघारमा छौं । कर प्रणाली सुधार गर्न अनुसन्धानमा आधारित कर नीति तर्जुमा, करदाताको आवश्यकतामा आधारित चेतनामूलक करदाता शिक्षा, सूचना प्रविधिमा आधारित करदाता सेवा, वैज्ञानिक प्रक्षेपणमा आधारित कर राजस्वको लक्ष्य निर्धारण, अन्तर्राष्ट्रिय मापदण्डमा आधारित नीतिगत सुधार आदि कर प्रशासनका प्रमुख मान्यताहरु रहेका छन् ।

आन्तरिक राजस्व विभाग

**आ.व २०७३/०७४ मा भएका मूख्य मूख्य प्रगतिलाई सक्षिप्तमा देहायनुसार उल्लेख गरिएको छ :**

- **मूल्य अभिवृद्धि कर :** रु. १ खर्व ६४ अर्ब ७२ करोड लक्ष्य निर्धारण भएकोमा रु. १ खर्व ६० अर्व ३१ करोड असूल भएको छ । सो मध्ये पैठारीतर्फ १ खर्व ५ अर्व ३९ करोड लक्ष्य रहेकोमा रु. ९९ अर्व १९ करोड र आन्तरिक तर्फ ५९ अर्व ३२ करोड लक्ष्य रहेकोमा रु. ६१ अर्ब १२ करोड असुल भएको छ । आन्तरिक तर्फ लक्ष्यको तुलनामा १०३ प्रतिशत प्रगति भएको देखिन्छ ।

- **आयकर :** रु.१ खर्व २७ अर्ब ५२ करोड लक्ष्य तोकिएकोमा रु. १ खर्व ४८ अर्ब २३ करोड असुली हुन गई लक्ष्यको तुलनामा ११६ प्रतिशत प्रगति भएको छ ।

- **अन्तःशुल्क :** रु. ८० अर्ब ९४ करोड लक्ष्य तोकिएकोमा रु. ८४ अर्ब ५६ करोड असुली भएको छ । अन्तःशुल्कको पैठारी तर्फ ३५ अर्व ९१ करोड लक्ष्य रहेकोमा ३७ अर्ब ३५ करोड र आन्तरिक तर्फ रु ४५ अर्व ०२ करोड लक्ष्य रहेकोमा रु. ४७ अर्ब २१ करोड असुली भएको छ । आन्तरिकतर्फ लक्ष्यको तुलनामा १०५ प्रतिशत प्रगति भएको देखिन्छ ।

- करदाताका कर तथा आय विवरण सम्बन्धी तथ्यांकहरू प्रशोधन गरी सूचना प्रणालीमा भण्डारण गर्ने, प्रशोधित हुन नसकेका विवरण र राजस्व जोखिम रहेका करदाता एवं विवरणको पहिचान गरी कर परीक्षण तथा अनुसन्धानको लागि करदाताको सूची तयार गर्ने कार्य सम्पादन गरिएका छन् । कर प्रणालीको प्रभावकारी कार्यान्वयनको लागि करदाता र जनतासँग अन्तर्क्रिया गर्ने र करदाताका सूचनाको दिगो व्यवस्थापन गर्ने कार्य समेत सम्पन्न भएका छन् ।

- आ.व. २०७३/०७४ मा मू.अ.करमा ३० प्रतिशत Non Filer रहेको छ र आयकर तर्फ ४४ प्रतिशत Non Filer रहेको छ ।

- आर्थिक वर्ष २०७३/०७४ मा आन्तरिक राजस्व विभागले आफू मातहतका कर्मचारीहरुलाई स्वदेश तथा विदेशको विभिन्न तालिमहरु प्रदान गरेको छ । जसअर्न्तगत १३ वटा वैदेशिक तालिम तथा ६ वटा स्वदेशी तालिम संचालन भएका छन् । जसबाट २५० कर्मचारीहरु लाभाम्वित भएका छन् ।

- OECD तथा अन्य अन्तर्राष्ट्रिय संस्थाहरुद्वारा करसँग सम्बन्धित विभिन्न तालिम कार्यक्रमहरु अष्ट्रिया, टर्की, चीन, कोरिया, हंगेरी र भारत लगायतका देशहरुमा सञ्चालित विभाग तथा अन्तर्गतका अधिकृतहरुले तालिम प्राप्त गरेका छन् ।

- आन्तरिक राजस्व विभाग र अन्तर्गत कार्यालयको जम्मा ५ अर्ब ५४ करोड राजस्व, विनियोजन र धरौटी तर्फको कूल बेरुजु रहेकोमा यस आर्थिक वर्षमा २ अर्ब ८६ करोड ७१ लाख २४ हजार बेरुजु फछ्र्यौट भएको छ । उक्त बेरुजु फछ्र्यौट कूल बेरुजुको ५१.७ प्रतिशत हुन आउँछ ।

- आ.व. २०७३/०७४ मा मू.अ.कर तर्फ रू.६ अर्ब ५ करोड ३५ लाख र आयकर तर्फ ८ अर्ब ३३ करोड ७४ लाख गरी कुल जम्मा १४अर्ब ३९ करोड ०९ लाख बक्यौता घट्न गएको छ ।

आन्तरिक राजस्व विभाग

# भाग- १

# सामान्य जानकारी

आन्तरिक राजस्व विभाग

# १. सामान्य जानकारी

## १.१ परिचय

विश्वमा बढ्दो आर्थिक अन्तरनिर्भरता र पूंजी, प्रविधि र श्रमको बढ्दो प्रवाह अनुरुप मुलुकको कराधारको संरक्षण गर्नु पर्ने आवश्यकता महसुस गरी कर प्रणालीमा सुधारका प्रयास थालिएको थियो । २१ औं शताव्दीलाई सुहाउँदो जनशक्ति विकास र नतिजामा आधारित व्यवसायिक संगठन र कार्य विशिष्टीकरणको लागि संस्थागत सुधार गर्दै जाने तथा नेपालको सार्वजनिक व्यवस्थापनको क्षेत्रमा आन्तरिक राजस्व विभाग एक आधुनिक संगठनको रुपमा विस्तार गर्ने गरी संस्थागत सुधार अगाडि बढाइयो । अनुसन्धानमा आधारित कर नीतिको तर्जुमा, करदाताको आवश्यकतामा आधारित चेतनामूलक करदाता शिक्षा, सूचना प्रविधिमा आधारित करदाता सेवा, वैज्ञानिक प्रक्षेपणमा आधारित कर राजस्वको लक्ष्य निर्धारण गरी कर कानूनहरूको प्रभावकारी एवं कुशल कार्यान्वयन गर्ने उद्देश्यका साथ साविकको कर विभाग र मूल्य अभिबृद्धि कर विभागलाई एकीकृत गरी २०५८ साल बैशाख २ गते आन्तरिक राजस्व विभागको गठन भएको हो । आन्तरिक राजस्व विभागले वित्तीय नीति अर्न्तगत कर नीतिको महत्वपूर्ण उपकरण मानिएको प्रत्यक्ष कर आयकर तथा अप्रत्यक्ष कर मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, स्वास्थ्य सेवा कर, शिक्षा सेवा शुल्क जस्ता आन्तरिक कर नीति निर्माण र ती कर नीतिको कार्यान्वयन र प्रशासन तथा अनुगमन गर्दछ ।

आयकर प्रशासन गर्ने कानून विश्वव्यापीरूपमा तुलनायोग्य बनाउँदै  कराधारलाई फराकिलो र दिगो बनाउने उद्देश्यका साथ २०५८ सालमा  आयकरको आधुनिक कानूनी संरचना  र प्रणाली स्थापना गरियो । त्यसरी नै ठेकेदारी प्रथाबाट विकास हुँदै आएको अन्तःशुल्कलाई आधुनिक र व्यावहारिक बनाउने अभियानका साथ २०५८ सालमा अन्तःशुल्क ऐन तर्जुमा गरियो । त्यस्तै वस्तु तथा सेवामा लाग्ने विभिन्न करहरूलाई बिक्री कर, होटल कर, ठेक्का कर र मनोरञ्जन करहरू प्रतिस्थापित गर्दै वस्तु तथा सेवामा आधारित अत्याधुनिक, लचिलो र पारदर्शी करको रूपमा रहेको मूल्य अभिवृद्धि कर लागू भई कार्यान्वयन भएको १९ वर्ष पुगेको छ ।  मूल्य अभिवृद्धि कर सम्बन्धी कानून २०५२ सालमा तर्जुमा भई २०५४ साल मंसिर १ गते देखि लागू गरियो । यस अवधिमा आन्तरिक राजस्वको दायरा विस्तार भै कर संकलन उल्लेखनीय रूपमा वृद्धि भएको, कर प्रशासनको प्रभावकारिता र यसको उत्तरदायित्व एवं पारदर्शिता वढेको, करदाताको कर सहभागिता लागत र समयमा क्रमशः सुधार हुँदै आएको देखिन्छ । कर कानूनका नीतिगत मार्गदर्शनहरू समय सापेक्ष रूपमा उचित दिशातर्फ उन्मुख हुँदै छन् । विभागले देशका विभिन्न २२ स्थानमा रहेका आन्तरिक राजस्व कार्यालयहरू र ठूला करदाता कार्यालय १, काठमाण्डौं जिल्लाभित्र १३ र काठमाण्डौ उपत्यका बाहिर १३ गरी २६ वटा करदाता सेवा कार्यालयहरू मार्फत आफ्नो कर प्रशासनको व्यवस्थापन एवं संचालन गर्दै आएको छ ।

आन्तरिक राजस्व प्रणाली सुधारमा गरिएका विभिन्न प्रयासका वावजुद अझै पनि थुप्रै आय आर्जन गर्ने व्यक्तिहरु करको दायरामा ल्याउन सकिएको छैन । अर्कोतर्फ करदाताहरुलाई आफ्नो कर निर्धारण सही ढंगले गर्न सक्ने गरी सशिक्तकरण गर्ने र कर तिर्नु नागरिकको कर्तव्य हो भन्ने धारणा जगाई उत्प्रेरित गर्ने वातावरण र व्यवस्थापकीय दक्षताको विकास गर्नु पर्ने आवश्यकता देखिएको छ । यसै गरी कार्यालयको कार्य संरचना र कार्य प्रणालीलाई कार्यमैत्री र करदातामैत्री बनाउन थालिएको भएता पनि थप सुधार र विकासका लागि अझ ठूलो मात्रामा लगानीको आवश्यकता छ । सक्षम कर प्रशासन विकासका लागि राजस्व प्रणालीमा कार्यान्वयनमा रहेको कार्यसम्पादन प्रोत्साहन प्रणालीको आधारमा कर्मचारीको मूल्याङ्कन गर्ने प्रणालीको थालनी गर्नु पर्ने देखिन्छ । करदातालाई सुलभ, सहज र स्तरीय  सेवा तत्काल प्रदान गर्न विकास र विस्तार गरिएको विद्युतीय प्रणालीको भरपर्दो, विश्वसनीय र सुरक्षित सेवाको सुनिश्चितताको लागि थप प्रयास गर्नुपर्ने देखिन्छ । उपयोग र प्रयोगको विस्तार सँगसँगै यसको संरक्षणमा थप व्यवस्थापन गर्नु आवश्यक छ । कर प्रशासन र करदाता बीचको प्रत्यक्ष सम्पर्क घटाउँदै करदाताको करसहभागिता लागत तथा समय न्यूनीकरण गर्ने दिशामा विकास गरिएको यो प्रणाली सुधारमा सकारात्मक संकेतचित्र देखिएता पनि यसको दिगोपना र विश्वसनीयता बढाउन नयाँ प्रविधिलाई आत्मसात गर्दै सोको

व्यवस्थापनको लागि थप लगानी सहितको सुधार गर्दै जानु पर्ने देखिन्छ । विद्युतीय कर प्रशासनको उपयोग र विस्तार सँगसँगै यसको संरक्षणमा थप ध्यान केन्द्रीत गर्नुपर्ने आवश्यकता महसुस भएको छ ।

कर तिर्नु नागरिकको कर्तव्य हो, त्यसैले कर तिरी सभ्य नागरिकको परिचय दिउँ । नेपालको कर नीतिले आधारभूत रूपमा नीतिको निमार्ण गर्दा समानता र स्वच्छता, तटस्थता, सरलता, निश्चितता, कर भुक्तानीमा सहजता, करारोपणमा न्यूनतम करको अन्तराल, कर संकलन लागतमा कमी गर्न, अर्थतन्त्रको दक्षता बढाउन सघाउने र यसरी संकलन गरिएको राजस्वको उपयोग जनताको हितमा खर्च गर्नु पर्ने देखिन्छ भने आफूले तिरेको करको सदुपयोग भयो भएन निगरानी गरौं भन्ने धारणा जागृत गराउन सकेमा मुलुकको वित्त संरचनालाई अनुकूल बनाउदै समष्टिगत आर्थिक स्थायित्व कायम गराउने दिशामा नेपालको कर प्रणाली सफल भएको मान्न सकिन्छ । हामीले तिरेको कर हाम्रै विकासका लागि र आधुनिक सम्बृद्ध नेपाल निर्माणको लागि हो भन्ने यथार्थ हामीले अझै हाम्रा करदातालाई बुझाउन प्रयत्नशील छौं । कर सम्वन्धी जानकारी दिनु कर प्रशासनको दायित्व हो, सेवा प्रवाहको लागि करदाता कर प्रशासनको ढोकामा आउने होइन, कर प्रशासन करदाताको आँगनमा पुग्नका लागि सम्पूर्ण कर सुधार कार्यक्रम केन्द्रीत रहेको तर्फ अझै करदातालाई विश्वासमा दिलाउन सकिएको छैन । त्यसैले करसँग डर होईन भर गरौं, भन्ने अवधाणालाई आत्मसात गर्दै करको चर्चा घर घर सम्म पुर्‍याउँ भन्ने अवधाणाको विकास गरी कर छलीको सूचना भएमा कर प्रशासनलाई दिई सहयोग गर्न वातावरणको विकास हुन सके समग्र कर संकलनमा सहयोग पुग्दछ ।

### १.२ विभागको सोच, गन्तव्य, लक्ष्य, रणनीति, मूल्य मान्यता, कार्यप्रणालीका बचनबद्धता र प्रतिबद्धताहरू

नेपालको कर प्रणालीलाई थप आधुनिकीकरण गर्न करदाताको कर सहभागिता लागत र समय घटाउन, विद्युतीय सुशासन कायम गर्न, करदाता शिक्षा र सेवा वढाउने आन्तरिक कार्य प्रक्रियाको सरलीकरण, जोखिममा आधारित कर परीक्षण २१ औं शताव्दीलाई सुहाउँदो जनशक्ति विकास, नतिजामा आधारित व्यावसायिक संगठन र कार्य विशिष्टिकरणको लागि संस्थागत सुधार गर्ने आन्तरिक राजस्व विभागको उद्देश्य रहीआएको छ । विश्व अर्थतन्त्र र राष्ट्रिय अर्थतन्त्रलाई मुलुकको हीत अनुकूल बनाउँदै नेपालको कराधारको संरक्षण गर्ने गरी नीतिगत सुधार गर्न थालिएको छ । नेपालको सार्वजनिक व्यवस्थापनको क्षेत्रमा आन्तरिक राजस्व विभाग एक आधुनिक संगठनको रूपमा रहेको छ । यसले क्रमशः आफुलाई पूर्णतः व्यवसायिक बनाउने दिशामा लागिरहेको छ । यस विभागको सोच, गन्तव्य, लक्ष्य तथा रणनीतिहरूका साथै कार्यसञ्चालनका मान्यताहरू निम्नानुसार रहेका छन् :

#### सोच (Vision)

- आन्तरिक राजस्व परिचालन, व्यावसायिक सेवा, नवीन सोंच र आर्थिक बृद्धिका लागि सबल संगठनको निर्माण गर्ने ।

#### गन्तव्य (Mission)

- स्वेच्छिक कर सहभागिताको लागि गुणस्तरीय सेवाको प्रत्याभूति गर्ने र स्वच्छतापूर्वक कर कानूनको कार्यान्वयन गर्ने ।

#### समग्र उद्देश्य (Overall Objective)

- सक्षम र प्रभावकारी कर प्रणालीको प्रबर्द्धन गर्ने ।

#### विकासात्मक उद्देश्यहरू (Development Objectives)

- नीतिगत सुधार र कर कानूनको पालनामा अभिबृद्धि गर्ने,
- करदाता सेवा र शिक्षाको विस्तार गर्ने,

- आधुनिक प्रविधिको अधिकाधिक मात्रामा उपयोग गर्ने,
- सांगठनिक प्रणालीको सुदृढीकरण र सक्षम जनशक्तिको परिचालन गर्ने ।

**कार्यादेश** (Mandate)

- कर प्रशासन,
- राजस्व परिचालन,
- कर सुधार,
- कर नीति, करदाता सेवा र शिक्षा,
- अनुसन्धान र विकास,
- सूचना प्रविधि व्यवस्थापन,
- संगठन तथा जनशक्ति व्यवस्थापन र
- स्रोत साधन व्यवस्थापन ।

**मूल्य मान्यताहरू** (Values)

- समतापूर्ण व्यवहार,
- करदाताको सम्मान
- सदाचारिता र प्रतिबद्धता,
- सहकार्य र
- नवीन सोचका साथ कार्य गर्ने ।

**विभागको कार्यप्रणालीका लागि वचनबद्धता**

'**करसँग डर होईन भर गरौं**' भन्ने अवधाणालाई आत्मसात गर्दै करदाताहरूलाई उत्कृष्ट सेवाको माध्यमबाट तत्काल गुणस्तरीय सेवा र सत्कार दिने  र करदाताहरूले प्रत्यक्ष अनुभूत गर्ने गरी शीघ्र सेवा, करको चर्चा घर घरसम्म पुर्‍याउने वचनबद्धता, करदाता शिक्षा र सेवाभाव सहितको करदाता सेवा, स्पष्ट कार्यप्रणाली सहितको सरल, सुविधाजनक र गुणस्तरीय सेवा प्रदान गरिनेछ ।

**जनतालाई सम्मान र सेवाः सुशासनलाई टेवा**

करदातासँग गरिने व्यवहार नम्र, शिष्ट र शालीन हुनेछ । कर प्रशासनमा करदाता मैत्री व्यवस्थापकीय पद्दतिलाई प्राथमिकता दिइनेछ ।

आन्तरिक राजस्व विभाग

**कर सहभागितामा प्रवर्द्धनात्मकता**

हाम्रा दक्ष सेवा प्रदायकबाट करदातालाई यथार्थ र सही कर सहभागिता गर्नका लागि शिक्षा र सेवा दिईनेछ ।

**कर सम्वन्धी जानकारी दिनु कर प्रशासनको दायित्व**

कर कानूनहरूको कार्यान्वयन गर्नका लागि करदाताले बुझ्न सक्ने गरी कर सम्बन्धी सरल कार्यविधि र निर्देशिका बनाई त्यसको जानकारी करदाता शिक्षाको माध्यमबाट उपलव्ध गराई करदातालाई कर सम्बन्धी पर्याप्त सूचना प्रवाह गरी सचेत बनाइने छ ।

**सुविधायुक्त कर संरचना**

करदाताको नजिक र शीघ्र सेवा प्रदान गर्ने अभिप्रायले विद्युतीय माध्यमबाट सेवा दिन कर सेवा प्रदायक सधै तत्पर रहनेछ । यसबाट करदाताको कर सहभागिता लागत र समय घट्नेछ । तसर्थ, तपसिलमा उल्लिखित सेवा यथासमयमै प्रदान गर्न आन्तरिक राजस्व विभाग सधैं प्रतिबद्ध छ :-

- करदाताको अधिकांश लिखित जिज्ञासाहरूको जानकारी १५ दिन भित्र दिईने
- यदि कसैले विभागको कल सेन्टरमा टोल फ्री नम्बरमा फोन गरेमा कर सम्बन्धी जिज्ञासाको जवाफ तत्कालै पाईने,
- यदि कसैको कर सम्बन्धी कुनै जिज्ञासा भएमा विभागको **Web Site: www.ird.gov.np** बाट तत्कालै जानकारी लिन सक्ने,
- कर विवरण दाखिला विभागको **web site** बाटै विद्युतीय माध्यमबाट गर्न सकिने,
- करदाता दर्ताको जानकारी विभागको **web site** बाट तुरुन्त सुसूचित गराइने,
- आवश्यक कागजात सहित स्थायी लेखा नम्बर लिनका लागि आवेदन गरेमा सोही दिन उपलब्ध गराइने,
- आवश्यक कागजात सहित कर फिर्ताका लागि आवेदन गरेमा नियमित निकासी कर्ताको हकमा ३० दिनभित्र र अन्य सामान्य कर फिर्ताको हकमा निवेदन प्राप्त भएको ६० दिन भित्रमा निर्णय दिइने ।

'**करको चर्चा घरघरमा गरौं, कर तिरौं, राष्ट्र निर्माणमा सहभागि वनौं**' भन्ने अवधारणा सहित यस विभागको सम्पूर्ण प्रयास कर सहभागिता लागत र समय घटाउनमा केन्द्रित रहनेछ । गुणस्तरीय र प्रभावकारी सेवा प्रवाहलाई प्राथमिकता दिइनेछ । आफ्नो आय आफैं हिसाव गरेर ठीक रकम कर तिरौं, प्रचलित कानून अनुसार कर पालना गरी कर प्रशासनलाई सहयोग गर्ने करदातालाई उच्च सम्मान गरिने छ । साथै, करदाताहरूवाट पनि यस विभागले निम्न अपेक्षा राखेको छः

- स्थायी लेखा नम्वर लिई कारोवार गर्ने,
- मूल्य अभिवृद्धि करयोग्य कारोवार गर्नेले दर्ता गरी कारोवार गर्ने,
- सामान खरिद गर्दा तथा विक्री गर्दा कर विजक लिने र दिने बानीको विकास गर्ने,
- अग्रिम कर कट्टि सम्बन्धी कर विवरण विद्युतीय माध्यमबाट प्रेषित गर्ने,
- आयकर तथा मूल्य अभिबृद्धि करका विबरणहरू म्याद भित्रै विद्युतीय माध्यमबाट बुझाउने,

आन्तरिक राजस्व विभाग

➢ कर दाखिला तोकिएको समय भित्रै गर्ने,

➢ कर कानूनको परिपालना गर्ने,

➢ खरिद तथा बिक्रिको तथा साहु र असामीको ५ लाख भन्दा माथिको विवरणको फाईलिङ समयमा नै गर्ने,

➢ कर छलीका सूचनाहरू जिम्मेबार नागरिकको हैसियतबाट समयमा नै कर प्रशासनलाई उपलब्ध गराउने ।

## १.३ आन्तरिक राजस्व विभागको संगठनात्मक संरचना र जनशक्ति व्यवस्थापन

अनुसन्धानमा आधारित कर नीति तर्जुमा, करदाताको आवश्यकतामा आधारित चेतनामूलक करदाता शिक्षा, सूचना प्रविधिमा आधारित करदाता सेवा, वैज्ञानिक प्रक्षेपणमा आधारित कर राजस्वको लक्ष्य निर्धारण गर्ने ध्येयका साथ तयार गरिएको संगठनात्मक संरचनामा आन्तरिक राजस्व विभाग र यस मातहतका कार्यालयहरूमा पूर्णतया कार्यमूलक प्रणाली **(Functional System)** को संगठनात्मक स्वरूप अवलम्बन गरिएको छ । विभागको संगठनात्मक संरचनामा रहेका ४ महाशाखाहरू निम्नानुसार छन् :

### (क) सञ्चालन महाशाखा

यस महाशाखा अन्तर्गत करदाता सेवा शाखा, कर परीक्षण व्यवस्थापन शाखा, अनुसन्धान तथा विकास शाखा, कर संकलन शाखा, बक्यौता शाखा, बेरुजु शाखा र कर फिर्ता शाखा रहेका छन् ।

### (ख) नीति विश्लेषण तथा व्यवस्थापन महाशाखा

यस महाशाखा अन्तर्गत अन्तर्राष्ट्रिय कर शाखा, नीति विश्लेषण शाखा, कर परीक्षण पुनरावलोकन शाखा, अनुगमन तथा मूल्यांकन शाखा, योजना तथा मानव संसाधन विकास शाखा, कानून शाखा, सामान्य प्रशासन शाखा र आर्थिक प्रशासन शाखा रहेका छन् ।

### (ग) अन्तःशुल्क महाशाखा

यस महाशाखा अन्तर्गत अन्तशुल्क व्यवस्थापन शाखा र अन्तःशुल्क नीति विश्लेषण शाखा तथा विकास शाखा रहेका छन् ।

### (घ) सूचना प्रविधि व्यवस्थापन महाशाखा

यस महाशाखा अन्तर्गत व्यवस्थापन सूचना प्रणाली शाखा र सूचना संचार शाखा रहेका छन् । यस महाशाखाले समग्र कर प्रणालीलाई प्रविधिको सञ्जालमा आवद्ध गर्न र तदनरूप कार्य सञ्चालन गर्न मातहत कार्यालय एवं करदाताहरूलाई सहजीकरण गर्ने गर्दछ ।

महानिर्देशकको प्रत्यक्ष निगरानीमा रहने गरी प्रशासकीय पुनरावलोकन शाखा रहेको छ । सबै महाशाखाहरूमा राजपत्राङ्कित प्रथम श्रेणीका उप महानिर्देशकले नेतृत्व गर्ने व्यवस्था रहेको छ भने शाखाको नेतृत्व राजपत्राङ्कित द्वितीय श्रेणीको उपसचिव स्तरको निर्देशकले गर्ने व्यवस्था गरिएको छ । विभागमा राजपत्राङ्किततर्फ ७० र राजपत्र अनंङ्किततर्फ १८ गरी जम्मा ८८ जनाको स्थायी दरबन्दी कायम गरिएको छ । सो बाहेक विभागमा बरिष्ट चार्टर्ड एकाउन्टेन्ट, बरिष्ठ अर्थशास्त्री, अर्न्तराष्ट्रिय कर विज्ञ, अन्तर्राष्ट्रिय कानून विज्ञ, सिष्टम एडमिनिष्ट्रेटर, प्रणाली विश्लेषक, प्रोग्रामर, डाटाबेश एडमिनिष्ट्रेटर, हार्डवेयर तथा नेटवर्क टेक्निसियन, पावर टेक्निसियन, डा.ई.सु, हल्का सवारी चालक र कार्यालय सहयोगी लगायत कर सम्बन्धी विशेषज्ञ सेवा करारमा लिन सकिने व्यवस्था छ ।

विभाग अन्तर्गत ठूला करदाता कार्यालय बाहेक २२ वटा आन्तरिक राजस्व कार्यालय र २६ वटा करदाता सेवा कार्यालय रहेका छन् । कूल करदाता सेवा कार्यालयहरूमध्ये काठमाण्डौं जिल्ला अन्तर्गत १३ र बाहिरका अन्य स्थानमा १३ रहेका छन् । ठूला करदाता लगायत आन्तरिक राजस्व कार्यालय, काठमाण्डौं, क्षेत्र नं. १, २ र ३ मा राजपत्राङ्कित प्रथम श्रेणी, सह सचिवस्तरको प्रमुख कर प्रशासक, अन्य सबै आन्तरिक राजस्व कार्यालयहरू र काठमाण्डौं जिल्ला अन्तर्गतका करदाता सेवा कार्यालयहरूमा राजपत्राङ्कित द्वितीय श्रेणीको उप सचिवस्तरका प्रमुख कर अधिकृत कार्यालय प्रमुख रहने व्यवस्था छ । त्यसैगरी काठमाण्डौं जिल्ला बाहिरका करदाता सेवा कार्यालयहरूमा राजपत्राङ्कित तृतीय श्रेणीको शाखा अधिकृतस्तरको कर अधिकृत कार्यालय प्रमुख रहने व्यवस्था छ । सबै कार्यालय लगायत विभागमा समेत जम्मा स्थायी जनशक्ति ९८२ रहेकोमा सो मध्ये राजपत्राङ्किततर्फ ५६२ र राजपत्र अनंङ्किततर्फ ४२० रहेका छन् ।

## १.४ विगतको कर प्रशासन सुधारको समीक्षा र आगामी सुधारको सोंच

वि.सं. २००८ सालमा अर्थ मन्त्रालयको स्थापना भएपछि नेपालमा आधुनिक राजस्व प्रशासनको प्रारम्भ भएको हो । राजस्व प्रशासनलाई थप सुधार गर्ने क्रममा वि.सं. २०१५ मा अन्तःशुल्क ऐन, २०१५ को निर्माण गरी जारी गरियो । यसबाट कर प्रणालीको सुधार कार्यले अनवरत रूपमा गतिशिलता लिएको छ र सोको प्रयास यद्यपी जारी छ । यसै क्रममा वैज्ञानिक कर प्रणालीको रूपमा मूल्य अभिबृद्धि करको कार्यान्वयनको शुरुवात गर्न अमेरिकी सरकारको सहयोग रहेको थियो । कानूनको निर्माण र कार्यविधि व्यवस्थित गर्न अमेरिकी सरकारले सघाएको थियो भने सरकारको आफ्नै स्रोतबाट कर प्रणालीको सुधारको लागि अध्ययन गरी यसैका आधारमा आर्थिक वर्ष २०४९/०५० देखि कर सुधारलाई पहिलो कार्यसूची बनाएको छ । नेपालको कर प्रणालीको सुधारको समीक्षा गर्दा मूलतः निम्न चरणहरू पार गरेको छ ।

**प्रथम पुस्ताको सुधार** (**२०१९ देखि २०३१ सम्म**)

यस चरणमा कर प्रशासनको अवधारणा निर्माण गर्ने, संगठन संरचनाको विकास गर्ने र कानूनी सुधारको थालनी भएको पाईन्छ । कानून बमोजिम मात्र कर लगाउन पाउने प्रथाको थालनी आयकर ऐन, २०१९ मार्फत गरिएकोले यसलाई प्रथम पुस्ताको सुधार अन्तर्गत राख्ने गरिन्छ ।

**दोस्रो पुस्ताको सुधार** (**२०३१ देखि २०४९ सम्म**)

आयकर ऐन, २०३१ को तर्जुमा भएपछि नेपालको कर प्रणालीमा कानूनमा आधारित कर प्रणालीको विकासको थालनी भएको थियो । यस अवधिमा करारोपण गर्दा करदाताको अधिकारको पालना र कर प्रणालीलाई पनि विभिन्न कानूनी संसोधन मार्फत आधुनिकीकरण गर्ने र करदाता एवं कर प्रशासनलाई उत्तरदायी वनाउने प्रयास गरिएको थियो ।

**तेस्रो पुस्ताको सुधार** (**२०४९ देखि २०५८ सम्म**)

यस चरणमा मूलत नेपालमा स्वयंकर निर्धारण प्रणालीको थालनी, कर अवधिको निश्चितता, चालु बर्षको आधारमा कर संकलन, मूल्य अभिबृद्धि कर प्रणालीको थालनी र विश्वव्यपीरूपमा अंगालिएका सिद्धान्त अनुरूप आयकर तथा अन्तःशुल्क कानूनको निर्माण गरिएको थियो । यही समयमा नेपालको कर प्रणालीमा सूचना प्रविधिको प्रयोग गरी पूर्णतः आधुनिक तथा स्वःचालित कर प्रणालीका स्वरूपहरूको प्रारम्भ भएको पाईन्छ ।

**चौथो पुस्ताको सुधार** (**२०५८ देखि हाल सम्म**)

यस चरणमा नेपालको कर प्रणालीलाई थप आधुनिकीकरण गर्न करदाताको कर सहभागिता लागत र समय घटाउन विद्युतीय कर सुशासन, आन्तरिक सरल कार्य प्रक्रियाको निर्माण, जोखिममा आधारित कर परीक्षण, २१ औं शताव्दीलाई सुहाउँदो जनशक्ति विकास, नतिजामा आधारित व्यवसायिक संगठन र कार्य विशिष्टीकरणको लागि

आन्तरिक राजस्व विभाग

संस्थागत सुधार गर्ने जस्ता निरन्तर सुधार प्रयासलाई अगाडि बढाउँदै लगिएको छ । विश्व अर्थतन्त्र र राष्ट्रिय अर्थतन्त्रलाई मुलुकको हीत अनुकूल बनाउँदै राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको कराधारको संरक्षण गर्ने गरी नीतिगत सुधारको कार्य पनि यसै चरणमा थालिएको छ ।

नेपालको कर सुधारको सन्दर्भमा कुरा गर्दा चौथो पुस्ताको सुधारका लागि विभिन्न अन्तर्राष्ट्रिय दातृ संस्थाहरूको पनि सहयोग प्राप्त भएको छ । मूल्य अभिबृद्धि करको प्रभावकारी कार्यान्वयन गर्न डेनिस सरकारको सहयोग लामो समयसम्म प्राप्त भएको थियो भने आयकर प्रणालीको कानूनी सुधारको लागि अन्तर्राष्ट्रिय मुद्रा कोषको अग्रणी भूमिकामा जर्मन सरकारले **GIZ** मार्फत सहयोग विस्तार गर्न थालेको थियो । आय कर कानूनको तर्जुमा एवं कार्यान्वयनमा डेनमार्क र जर्मन सरकारको सहयोग प्राप्त भएको थियो । कर प्रणालीको मुख्य अबयवको रूपमा रहेको सूचना प्रविधिको क्षेत्रमा डेनमार्क सरकारको सहयोगबाट **PROTAX** प्रणालीको विकास भएको छ । यसका अतिरिक्त आन्तरिक कार्य निर्देशिकाको निर्माण, सरलीकरण गर्न र २१ औ शताव्दीको आर्थिक जटिलता र त्यसले कर प्रणालीमा ल्याउने संभाव्य समस्याको समाधान गर्न सक्ने जनशक्तिको भरपर्दो व्यवस्थापनमा पनि अन्तर्राष्ट्रिय सहयोग प्राप्त भएको छ । नेपालको कर प्रणालीको सुधारको नीतिगत एवं कानूनी व्यवस्था सही भएता पनि यसको कार्यान्वयनका लागि थप सुधारको खाँचो भने देखिएको छ । आन्तरिक राजस्व विभागले करदाताको मन क्रमशः जित्दै गएको सन्दर्भमा सुधारको सही मार्गचित्र सहितको निरन्तर सुधार प्रयास नै विभागको बदलिदो सकारात्मक छविको आधारभूमि हो । यसर्थ, अबका दिनमा आन्तरिक राजस्व विभागले यो क्षणसम्मको सुधारलाई अझ परिमार्जन गर्न र अर्थव्यवस्थाले ल्याउने जटिलता र विश्वव्यापीकरणका गम्भिर आर्थिक प्रभाबबाट बचाउन निम्न क्षेत्रमा सुधारका कार्यहरू गर्नु पर्ने देखिन्छ ।

### १. कर प्रणाली सुधार

- विद्यमान आयकर ऐन तथा अन्तशुल्क ऐन लागू भएको १६ बर्ष पुरा भएको तथा मूल्य अभिवृद्धि कर प्रारम्भ भएको २० बर्ष पूरा हुन लागेको सन्दर्भमा अन्तर्राष्ट्रियस्तरमा आएको परिवर्तन तथा हाम्रो परिवर्तित परिवेशलाई समेत आत्मसात गर्दै कर कानूनमा समय सापेक्ष सुधारका लागि उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोगले दिएका सुझावहरु क्रमशः कार्यान्वयन गर्दै लगिने ।

- खोज एवं अनुसन्धानमा आधारित कर नीति तर्जुमा, करदाताको आवश्यकतामा आधारित चेतनामूलक कर शिक्षा, सूचना प्रविधिमा आधारित करदाता सेवा, वैज्ञानिक प्रक्षेपणमा आधारित कर राजस्वको लक्ष्य निर्धारण गरिने ।

- सूचना, प्रमाण र अन्वेषणमा आधारित कर छली अनुसन्धान, जोखिमका सूचकांकमा आधारित कर लेखापरीक्षण, कारोवारमा आधारित करदाताको वर्गीकरण, कार्यगत कार्यवोझमा आधारित संगठनात्मक व्यवस्था, पेशागत दक्षतामा आधारित कर प्रशासन, न्यायिक सिद्धान्तमा आधारित कर निर्धारण र पुनरावलोकन, स्वयं घोषणामा आधारित कर प्रणाली उपागम अवलम्वन गरी कर प्रशासन सञ्चालन गरिने ।

- विभागको दोस्रो पंचवर्षिय रणनीतिक योजना तयार गरी कार्यान्वयनमा ल्याइने ।

- कर प्रणालीलाई थप प्रभावकारी वनाउने तथा बढ्दो विश्वव्यापीकरणले यस क्षेत्रमा ल्याएको परिवर्तनलाई सम्बोधन गर्न सक्ने अन्तर्राष्ट्रियस्तरको स्थायी संस्थापन निर्देशिका, मूल्य हस्तान्तरण निर्देशिका, दीर्घकालिन करार निर्देशिका, दोहोरो कर मुक्ति संझौताको नेपालको ढाँचा, करदर्ता र कर संकलन, पूर्वादेश सम्बन्धी निर्देशिका तयार गरी लागू गरिने । अन्तर्राष्ट्रिय कर नीति अर्न्तगत दोहोरो कर मुक्ति संझौता, मूल्य हस्तान्तरण, कर लेखा परीक्षण, कर सम्बन्धी सूचनाको आदान प्रदान आदिलाई व्यवहारिक रूपमा नै कार्यान्वयन गर्ने क्षमता वृद्धि गर्ने तर्फ जोड दिइने । नेपाललाई प्रत्यक्ष फाइदा पुग्ने तथा थप लगानीका संभावना भएका मुलुकहरूसँग दोहोरो करमुक्ति सम्झौता गर्ने कार्यलाई निरन्तरता दिइने । साथै, कर प्रणालीका सन्दर्भमा अन्य मुलुकमा भएका विकास र नेपालको आवश्यकता सम्बन्धमा निरन्तर खोजविन र विश्लेषण गर्न संयन्त्रको व्यवस्था गरिने ।

## २. कार्यप्रणाली सुधार

- करदातालाई कर दाखिला गर्न सहज बनाउन हाल राजस्व संकलन गर्दै आएका बैंकहरुको जुनसुकै शाखाबाट (ABBS) र विद्युतीय माध्यमबाट कर दाखिला गर्न सक्ने प्रणाली लागू गरिने साथै सबै आन्तरिक राजस्व कार्यालयमा बैक काउण्टर व्यवस्था गरी संचालन गरिने ,
- कर प्रणालीको प्रक्रियागत सरलीकरणमा लागि प्रशासनिक, कानुनी तथा प्राविधिक विषयहरुमा एकरुपता र स्पष्टता हुने गरी सुधार गरिने ।
- हाल कर प्रयोजनका लागि प्रयोग हुँदै आएको व्यवसायिक संकेत नम्बरलाई परिमार्जन गरी भन्सारमा प्रयोग भइरहेको हार्मोनाइज्ड पद्दतिमा आधारित वस्तु वर्गीकरण संकेतसँग तादाम्य हुने गरी नयाँ व्यवसायिक संकेत नम्बर (SITC) यसै आर्थिक वर्षभित्र कार्यान्वयनमा ल्याइने ।
- शिक्षा सेवा शुल्क तथा स्वास्थ्य सेवा करमा दर्ता रहेका करदाताहरुले पेश गर्ने विवरणलाई कम्प्यूटर प्रणालीमा आवद्ध गरिने,
- आय विवरण पेश गर्ने म्याद थप सम्बन्धी निवेदनलाई Online मार्फत प्राप्त गर्ने र सोही माध्यमबाट स्वीकृति दिने व्यवस्थालाई कार्यान्वयन गरिने,
- यस विभागको सूचना प्रविधिसम्बन्धी दीर्घकालीन नीति तयार गरिने,
- ठूला करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय क्षेत्र नं १, २ र ३ मा दर्ता रहेका करदाताले विद्युतीय माध्यमबाट कर चुक्ता प्रमाणपत्र लिन सक्ने गरी प्रणालीको विकास गरिने,
- कर प्रणालीको Digital Application तयार गरी कार्यान्वयनमा ल्याइने,
- करदाता सेवा र शिक्षा सम्बन्धी कार्यहरूलाई core र non core कार्यमा विभाजन गरी non core कार्यहरू बाह्य सेवा प्रदायक संस्थाहरू मार्फत सञ्चालन गरिने ।
- कर कानूनहरूको सही रूपमा पालन गर्न मध्यस्थको रूपमा रहेका कर लेखापरीक्षक र कर परामर्श दाता तथा कानून व्यवसायीहरूलाई अभिमुखीकरण तालिममा संलग्न गराईने,
- करदाताहरूको व्यावसायिक लागत (Doing Business Cost) घटाउन, गुणात्मक सेवा प्रवाह गर्न र कानूनको परिपालना गराई कर सहभागिता वृद्धि गर्न तथा कर छलीलाई निरुत्साहित गर्न करदाताहरूलाई लघु, साना, मध्यम र ठूला करदातामा बर्गीकरण गरिनेछ । लघु, साना तथा मध्यमस्तरीय करदाता (Micro, Small & Medium Enterprises) को कर प्रणाली सम्बन्धी विस्तृत अध्ययन गरी कार्यान्वयनमा ल्याइने,
- विभाग मातहतबाट हुने कार्यहरूको नियमित अनुगमन तथा निरीक्षणको माध्यमबाट निगरानी गरिने । कार्यालयहरूबाट प्रदान गरिने सेवाको गुणस्तरमा सुनिश्चितता गरिने । करदाताहरूलाई विना झन्झट कर तिर्ने वातावरण तयार गरिने । आम नागरिक, करदाता र सरोकार समूहको गुनासो सुनुवाई तथा सम्बोधनको उचित प्रवन्ध मिलाइनेछ । हटलाईन, कल सेन्टर तथा उजुरी पेटिकाहरू मार्फत् गुनासो प्राप्त गरी समाधान गरिने,
- विभाग तथा मातहत कार्यालयहरूबाट कर शिक्षा, सूचना, सञ्चार, बजार सर्वेक्षण तथा अनुगमन, अन्तर्क्रिया लगायत अन्य जागरणका कार्यहरू गरिने । खास खास विषयहरूमा आवश्यकता अनुसार उपभोक्ता हीत संरक्षण मञ्च, उद्योग वाणिज्य संघहरू लगायत निजी क्षेत्रका संघ संस्था एवं निकायहरूसँग समन्वय र सहकार्य गरिने । विभाग तथा मातहतका कार्यालयहरूबाट भए गरेका कार्यहरूको कानूनले गोप्यता राख्नु पर्ने उल्लेख भए वाहेकका विवरणहरू आवश्यकता अनुरूप सार्वजनिक गरिने,
- नेपाल चार्टर्ड एकाउन्टेन्ट सस्था, लेखापरीक्षक संघ लगायतका सम्बद्ध निकायहरूसँग करका विविध पक्षमा एवं कर कानून कार्यान्वन सम्बन्धमा आवश्यक राय परामर्श लिने कार्यको थालनी गरिने । साथै, यस्ता संघ संस्थाहरूसँग आवद्ध व्यक्तिहरूलाई कर प्रशिक्षण सम्बन्धी श्रोत व्यक्तिको रूपमा समेत परिचालन गरिने । साथै जटिल प्रकृतिका कर परीक्षण र अनुसन्धानमा निजहरूको राय सुझाव लिने कार्यलाई निरन्तरता दिईने,
- कर सम्बन्धी जिज्ञासा (Frequently Asked Question) लाई परिमार्जन गरिने र क्षेत्रगत रुपमा कर छुट सुविधा सम्बन्धी विवरणात्मक पुस्तक तयार गरिने ।

आन्तरिक राजस्व विभाग

## ५. करको दायरा विस्तार

- करको दर बढाउने भन्दा करको दायरा विस्तारलाई प्राथमिकता दिई कराधारलाई थप फराकिलो बनाउँदै लैजाने,
- आयआर्जन र व्यवसाय गर्ने चिकित्सक, ईन्जिनियर, वकिल, सल्लाहकार, कलाकार, खेलाडी, विभिन्न शिक्षण संस्थामा प्राध्यापन गर्ने व्यक्तिहरु लगायत सबैलाई स्थायी लेखा नम्बर प्रदान गर्ने कार्यलाई निरन्तरता दिई थप करदातालाई करको दायरामा ल्याउने,
- देशका विभिन्न स्थानमा विभिन्न समयमा आयोजना गरिने प्रदर्शनी, मेला, व्यापार मेला, लगायतका अन्य मेलाहरू सञ्चालन गर्ने र त्यसरी सञ्चालन गरिएको मेलामा सहभागी हुने बासिन्दा वा गैर बासिन्दा व्यक्तिहरूले अनिवार्य रूपमा मूल्य अभिवृद्धि कर सहितको अस्थायी स्थायी लेखा नं. लिनुपर्ने अनिवार्य व्यवस्थालाई कडाईकासाथ कार्यान्वियनमा ल्याईने,
- करदाता दर्ता गर्न आवश्यक कागजात, दर्ता सम्बन्धी अभिलेखमा परिवर्तनको सूचना दिने प्रकृया र दर्ता तथा दर्ता खारेजी सम्बन्धी स्पष्ट नीति तर्जुमा गरी लागू गरिने,
- करदाताको अभिलेख अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिई पुरानो अभिलेखलाई Digital अभिलेखमा रूपान्तरण गरिनेछ । करदाताको अभिलेख तथा कम्प्युटर प्रणालीमा रहेका सूचना एवं अभिलेखहरूको सुरक्षाको विशेष व्यवस्था गरिने ।

## ६. कर परिपालनामा सुधार

- कर परिपालनाको जोखिम पत्ता लगाउन, व्यवस्थापन र अनुगमन गर्न कर परिपालना जोखिम व्यवस्थापन प्रकृया (Tax Compliance Management Process) को व्यवस्था गरिनेछ ।
- विना दर्ता कारोवार गर्ने, दर्ता भएर पनि बिल विजक जारी नगर्ने, विल विजक जारी गरे पनि कारोवार मूल्यमा जारी नगर्ने, समयमा विवरण नबुझाउने (Non Filer), शून्य विवरण बुझाउने (Zero Return), क्रेडिट विवरण बुझाउने (Credit Return), विवरण पेश गर्ने तर कर नतिर्ने, कर वक्यौता राख्ने लगायत कर कानूनको अवज्ञा गर्नेहरूलाई स्थलगत अनुगमन तथा सूचना प्रविधिको माध्यमबाट अनुगमन गरी कर परिपालना बढाइनेछ ।
- नक्कली बिल विजकको प्रयोगबाट मूल्य अभिवृद्धि करको छली भएको प्रकरणलाई ध्यानमा राखी मूल्य अभिवृद्धि कर छल्न नसक्ने नीतिगत तथा संस्थागत व्यवस्था गरिनेछ ।
- मूल्य अभिवृद्धि कर छलीमा परेका व्यवसायीहरूलाई कारवाही गर्नुको अतिरिक्त व्यवसायिक नैतिकता पालना सम्बन्धमा उद्योग वाणिज्य संघ र निजी क्षेत्रको ध्यानाकर्षण गराइनेछ ।
- एकीकृत बजार अनुगमन तथा राजमार्ग अनुगमनको माध्यमबाट विल विजक लिने दिने कार्यको परिपालना गराईने, साथै यस कार्यमा निजी क्षेत्रलाई समेत सहभागी गराईनेछ ।
- कुनै पेशा तथा व्यावसायिक प्रयोजनका लागि बैंकहरूमा खाता खोल्दा वा अन्य कारोवार गर्दा स्थायी लेखा नम्वर अनिवार्य रूपमा उल्लेख गर्ने व्यवस्था गरिने, साथै व्यावसायिक प्रयोजनका लागि रू.बीस लाखभन्दा बढीको ऋण लिंदा वा भुक्तानी गर्दा सो को जानकारी सम्बन्धित बैंक र करदाताले आफ्नो दर्ता रहेको आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्ने व्यवस्था मिलाईनेछ ।

आन्तरिक राजस्व विभाग

## ७. न्यून विजकीकरण नियन्त्रण

- ठूला करदाताहरूले जारी गर्ने कर बिजकलाई अनिवार्यरूपमा कम्प्युटर सफ्टवेयर मार्फत जारी गर्नु पर्ने व्यवस्था लागू गरिने,
- व्यापार व्यवसायको क्षेत्रमा आयात निर्यात गर्दाको अवस्थामा भन्सारमा हुने न्यून मूल्यांकन वा घर जग्गा जमिनको मालपोतमा हुने मूल्यांकन वा बजारमा बस्तु तथा सेवा बिक्री वितरणमा हुने न्यून विजकीकरण वा घर जग्गा वहालमा हुने न्यून घोषणाले अर्थतन्त्रनै न्यून मूल्यांकन भएको छ । हरेक क्षेत्रमा हुने न्यून विजकीकरण र न्यून मूल्यांकन नियन्त्रण गर्न सम्वद्ध सबै क्षेत्रमा अभियानको रूपमा उपयुक्त कार्यविधि बनाई बिशेष कार्यक्रम सञ्चालन गर्न सिफारिस गरिने,
- आयात तथा आन्तरिक बजारमा हुने न्यून बिजकीकरण न्यूनीकरण गर्न आन्तरिक राजस्व विभाग, भन्सार विभाग तथा राजस्व अनुसन्धान विभागको एकीकृत अनुगमन संयन्त्रको विकास गरी राजमार्गमा आन्तरिक ओसारपसार र बजार अनुगमन तथा कारवाही गरिने ।

## ८. कर सूचना सञ्जाल र अनुसन्धान

- अन्तर निकाय सूचना आदान प्रदान गर्न आन्तरिक राजस्व विभाग र कम्पनी रजिष्ट्रारको कार्यालय बीच विद्युतीय सूचना प्रणाली स्थापित गर्ने प्रक्रिया शुरु भईसकेको छ । साथै उद्योग, व्यापार, पेशा, व्यवसाय, संस्था दर्ता गर्ने साथै अन्य नियमनकारी निकायहरू नेपाल राष्ट्र बैंक, उद्योग विभाग, बाणिज्य विभाग, सहकारी विभाग, यातायात व्यवस्था विभाग, महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका लगायतका निकायहरू र कर प्रशासनबीच विद्युतीय माध्यमवाट दर्ता कै अवस्थाको सूचना प्राप्त गरी करमा दर्ता नगरी कारोवार गर्न नपाइने गरी कर सूचना सञ्जाल (Tax Information Network) को स्थापना गरी चरणबद्ध रूपमा कार्यान्वयन गरिने,
- करको दायरामा नआएका विलासी जीवन सैली अपनाउने व्यक्तिहरूको विभिन्न श्रोतबाट सूचना संकलन गरी परिस्कृत सूची तयार गरी निगरानी तथा करको दायरामा ल्याई कर असुल गर्न एवं विशिष्ट तथा प्रतिष्ठित व्यक्तिहरूको कर प्रशासन गर्न विभागमा एक सशक्त ईकाई गठन गरी कार्य थालनी गरिने,
- आन्तरिक राजस्व विभाग, भन्सार विभाग र राजस्व अनुसन्धान विभागबीच सूचना सञ्जाल मार्फत सूचना आदान प्रदान गर्ने व्यवस्था मिलाइने । राजस्व प्रशासनका विभिन्न क्षेत्र बीच प्राविधिक विषयहरूमा समन्वयात्मक ढंगले नीति निर्माणमा सुझाव आदान प्रदान गर्न तथा कार्यान्वयन तहमा देखिएका समस्या समाधान गर्न विभिन्न विभागहरू बीच प्राविधिक समितिहरू गठन गरी कार्यगत समन्वय कायम गरिने ।

## ९. कर परीक्षण सम्बन्धी

- विद्यमान कर परीक्षण नीतिमा पुनरावलोकन र कर परीक्षण निर्देशिकाको अध्यावधिक गर्दै गरिने, साथै कर परीक्षण सम्बन्धी प्रतिवेदन प्रणालीलाई प्रभावकारी बनाइने,
- कर परीक्षण पुनरावलोकन प्रणालीलाई बढी प्रभावकारी वनाउन विशेषज्ञहरूको सेवा लिने व्यवस्था मिलाईने,
- करदाताको कर परीक्षण छनौट सम्बन्धमा नयाँ मापदण्ड निर्धारण गरिने, साथै कर विवरण पेश भएको वा पेश गर्नु पर्ने मितिले ३ वर्षभित्र कर परीक्षण सम्पन्न गर्ने गरी कार्ययोजना बनाई लागू गरिने । कर परीक्षण गर्दा करदाताको परिसरमा गई Field Audit गर्ने कार्यबाट यथार्थताको सुनिश्चितता गरिने ।

आन्तरिक राजस्व विभाग

१०. **कर बक्यौता तथा बेरुजु फछ्र्यौट**

- कर दायित्व निर्धारण भई सकेपछि पनि विभिन्न बहानामा कर दायित्व भुक्तान नगर्ने प्रवृत्तिको विकास हुँदै गएको छ । यसले गर्दा बुझाउनु पर्ने यथार्थ कर रकमभन्दा निकै कम रकम असुली भएको छ । विगतमा कर निर्धारण भएको ठूलो कर रकम असुल गर्न बाँकी रहेको हुँदा बक्यौता असुलीको कार्ययोजना बनाई बक्यौता रकम असुल गरिने । राजस्व न्यायाधीकरणमा धेरै मुद्दा टुङ्गो लाग्न बाँकी रहेको कारणले पनि ठूलो बक्यौता अंक रहेको हुँदा यसतर्फ पहल गरिने,
- विगतको राजस्व तथा विनियोजन तर्फको वेरुजु फछ्र्यौटमा अघिल्ला आर्थिक वर्षहरूमा उत्साहजनक प्रगति हासिल भएको छ । चालु आर्थिक वर्षमा समेत महालेखा परीक्षकको प्रतिवेदनमा परेको बाँकी वेरुजु वेमाख गर्न अभियान चलाइने,

११. **अन्तःशुल्क व्यवस्थापन सम्बन्धी**

- अन्तशुल्कको हालको भौतिक नियन्त्रण प्रणालीलाई क्रमश स्वयं निष्काशन प्रणालीमा रूपान्तरित गर्ने नीति अनुरूप सूर्ति तथा सूर्तिजन्य पदार्थलाई स्वयं निस्काशन प्रणालीमा लगिएको छ । ती वस्तुहरू कारखानाबाट निस्कासन गर्दा स्टीकर लगाउनु पर्ने व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ । नक्कली स्टिकरको प्रयोग र स्टिकर नै प्रयोग नगर्ने प्रबृत्तिलाई निरुत्साहित गर्न आकष्मिक निरीक्षण टोली गठन गरी सो टोलीलाई प्रभावकारी रूपमा परिचालन गरिने,
- अन्तःशुल्कमा हुने चुहावटलाई नियन्त्रण गर्न प्रभावकारी रूपमा नियमित अनुगमन गरी देखिएका अनियमितता समेतका आधारमा एवं प्राप्त अन्य सूचना र प्रतिवेदन अभिलेख समेतको विश्लेषण गरी प्राथमिकताका साथ तत्काल अनुसन्धान र कारवाही गरिने,
- अन्तःशुल्क प्रशासनलाई आधुनिक कर प्रणालीको मूलप्रवाहमा आन्तरिकीकरण  गरिने,
- अवैध मदिरा उत्पादन गर्ने व्यक्तिहरूलाई मदिरा ऐन तथा अन्तशुल्क ऐनको सजायको अतिरिक्त कसुरको मात्राको आधारमा खाद्य ऐन अनुसार पनि कारवाही गर्न सिफारिस गर्ने आवश्यक व्यवस्था मिलाइने,
- मदिरा र सुर्तीजन्य पदार्थहरू र अन्य उपभोग्य सामाग्री एकै स्थानवाट बिक्री वितरण गर्न नपाइने व्यवस्थालाई कडाइका साथ लागू गरी निरन्तर अनुगमन गरिनेछ । साथै, वियर उद्योगहरूमा लागू गरिएको ल्फोमिटरको व्यवस्था पुनरावलोकन गरी बैकल्पिक उपायका बारेमा अध्ययन गर्न एक बिशेषज्ञ टोली गठन गरिने,
- मदिरा एवं चुरोटको बिक्री वितरण, नियमन र व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ ।

१२. **सूचना प्रविधिको प्रयोग**

- करदाताहरूको सेवामा सहज पहुँचको लागि सूचना प्रविधिलाई मुख्य औजारको रूपमा विकसित गर्दै करसम्बन्धी सवै कार्य विद्युतीय सूचना प्रणालीको माध्यमबाट हुने व्यवस्था मिलाई करदाता र कर प्रशासनको बीचको दुरी न्यून गरिने,
- सूचनाप्रविधिमा आधारित सुशासन कायम गर्दै सदाचार वृद्धि गर्न निरन्तर मानव नियन्त्रणमा आधारित प्रणालीलाई स्वचालित पद्धतितर्फ रूपान्तरण गर्ने स्पष्ट कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइने,

आन्तरिक राजस्व विभाग

- करदाताका सूचनाहरूलाई अधिकतम रूपले समेट्न हाल कायम रहेको SITC (Standard International Trade Classification) दर्ता आवेदन र कम्प्युटर प्रणालीलाई समायानुकूल परिमार्जन गरिने,

- आयकर, मूल्य अभिबृद्धि कर, अन्तःशुल्कको अतिरिक्त शिक्षा सेवा शुल्क, स्वास्थ्य सेवा कर र घर वहाल कर र सोको विवरणलाई विद्युतीय माध्यमबाट प्रविष्ट गर्न सक्ने व्यवस्था मिलाइने,

- कर राजस्व संकलनलाई प्रभावकारी बनाउन र करदाताहरूको व्यावसायिक लागतमा कमी ल्याई राजस्व संकलन गर्न स्वीकृत प्राप्त बैंकको जुनसुकै शाखाबाट राजस्व संकलन र दाखिला गर्न सक्ने व्यवस्था ABBS(Any Branch Banking System) अन्य आन्तरिक राजस्व कार्यालयहरूमा पनि लागू गर्ने कार्यलाई विस्तार गरिने,

- विद्युतीय भुक्तानी (e-payment) मार्फत समेत राजस्व दाखिला गर्न सक्ने व्यवस्थाका लागि आवश्यक पूर्वाधार तयार गर्ने कार्यलाई प्राथमिकता दिई सबै करदाताहरूलाई कर दाखिला गरेको रकम तथा बाँकी वक्यौता रकम समेत विद्युतीय प्रणालीबाट हेर्न सक्ने (Read only) सुविधा दिन आवश्यक व्यवस्था गरिने,

### १३. पुनरावलोकन तथा पुनरावेदन प्रणाली

- आन्तरिक राजस्व विभागको प्रशासकीय पुनरावलोकन सम्बन्धी व्यवस्थालाई करदाताहरूमा न्यायिक मनको प्रयोग भएको अनुभूति हुने गरी व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिईने,

- प्रशासकीय पुनरावलोकनमा परेका विशेष प्रकृतिका मुद्दाहरू सुनुवाइको लागि विभागमा इजलास स्थापना गरि सुनुवाई गर्ने व्यवस्थाको थालनी गरिएकोमा यसलाई निरन्तरता दिइने,

- बढ्दो करसम्बन्धी विवाद न्यूनीकरण गर्न Dispute Settlement Mechanism को व्यवस्था गर्ने भनी सुधार योजनामा उल्लेखित कार्यलाई प्राथमिकताका साथ अगाडि बढाईने,

- कर अधिकृतको निर्णय उपर चित्त नवुझि विभागका महानिर्देशक, राजस्व न्यायाधीकरण र पुनरावेदन तथा सर्वोच्च अदालतमा निवेदन वा पुनरावेदन गर्ने प्रवृत्तिमा क्रमिक रूपले वृद्धि भैरहेको परिप्रेक्षमा कर अधिकृतहरूबाट हुने निर्णयलाई वस्तुनिष्ठ वनाउन तथा प्रतिरक्षा गर्नको लागि आन्तरिक राजस्व कार्यालय काठमाण्डौ क्षेत्र नं. १, २ र ३, आन्तरिक राजस्व कार्यालय ललितपुर, विराटनगर, पोखरा र नेपालगञ्जमा क्रमशः जिल्ला न्यायाधिवक्ताको पद सिर्जना गर्न आवश्यक पहल गरिने,

### १४. संगठनात्मक तथा भौतिक व्यवस्था

- आन्तरिक राजस्व विभागको कार्यबोझ तथा विशेषज्ञतालाई ध्यानदिई विभागको विद्यमान संगठन, जनशक्ति र कार्यप्रणालीको पुनरावलोकन गरी सांगठनिक संरचनालाई सुदृढ गरिने,

- कर राजस्वको जोखिम न्यून गरी ठूला कारोवारलाई निगरानी तथा व्यवस्थित गर्न मध्यमस्तरीय करदातालाई सेवा पुऱ्याउन मध्यमस्तरीय करदाता कार्यालयहरू स्थापना गर्ने साना करदाताहरूलाई घरदैलोमा नै सेवा पुऱ्याउन आवश्यकता अनुसार थप करदाता सेवा कार्यालयहरू स्थापना गरिने,

- करदाता मैत्री सेवा सञ्चालनको लागि सोही अनुसारको भवन निर्माण गर्ने र कार्यालयमा आवश्यक पर्ने अत्यावश्यक सवारी साधन, विद्युतीय उपकरण एवं फर्निचरको व्यवस्था गरिने,

आन्तरिक राजस्व विभाग

१५. **जनशक्ति विकास तथा तालिम**

- कर प्रशासनको जनशक्तिलाई दक्ष तथा सीपयुक्त वनाउन विशेष तालिम नीति बनाई प्रशिक्षण कार्यक्रम सञ्चालन गरिने,
- कर प्रशासनका कर्मचारीहरू र करदाताबीच अवाञ्छित सम्बन्ध स्थापित हुनवाट रोक्न कर प्रशासन र कर अधिकृतहरूको विद्यमान आचारसंहिता परिमार्जन गरी कार्यान्वयनमा ल्याइने,
- कर परीक्षणको गुणस्तर बृद्धि गर्न कर अधिकृतहरूको क्षमता र कार्य अनुभवको आधारमा मात्र कर परीक्षणको जिम्मा दिइनेछ । साथै, कर अधिकृतहरूलाई कर परीक्षण तथा अनुसन्धानमा अझ बढी जिम्मेवार बनाउन कर निर्धारणको गुणस्तर र प्रशासकीय पुनरावलोकन तथा आन्तरिक पुनरावलोकनमा देखिएका तथ्यहरूलाई अभिलेखीकरण गरी कार्य सम्पादन मूल्यांकनसँग आवद्ध गरिने,
- निश्चित अवधी कर प्रशासनमा कार्यअनुभव भएका कर अधिकृतहरूलाई मात्र ठूला कारोवार भएका कार्यालयहरूमा कर लेखा परीक्षण गर्ने जिम्मेवारी दिइने,
- सेवामा प्रवेश गर्ने नव प्रवेशी अधिकृतहरूलाई कर सम्वन्धी सघन तालिम दिएर मात्र पदस्थापन गर्ने व्यवस्था कार्यान्वयनमा ल्याइने,
- ज्ञान, सीप र क्षमतायुक्त जनशक्ति तयार गर्न सेवा प्रवेशकै समयदेखि दक्ष बनाउनका लागि Tax Academy स्थापना गर्ने वा विश्वविद्यालयहरूमा कर प्रणाली सम्वन्धी अध्ययनको व्यवस्था मिलाइने,
- ठूला करदाता कार्यालयलाई कर परीक्षण तालीम केन्द्र तथा Center for excellence को रूपमा विकास गरी कर अधिकृतहरूलाई कार्यस्थल तालिम (On the Job Training) समेत दिइने,
- कर प्रशासनका कर्मचारीहरूमा सदाचार पद्धतिको विकास र पालनामा जोड दिनुको साथै सामाजिक व्यवहार सुधार ऐनको व्यवस्था पालना गर्ने प्रतिवद्धता व्यक्त गरिएको छ ।

१६. **अन्तर्राष्ट्रिय सहयोगको परिचालन**

- नेपालको कर प्रणाली सुधारका लागि अन्तर्राष्ट्रिय दातृ निकाय र विकास साझेदारहरूबाट हालसम्म प्राप्त सहायता र सहयोगको सम्झना गर्दै भविष्यमा विभागको पाँच वर्षे रणनीतिक योजना र त्रि वर्षीय सुधार योजना कार्यान्वयन गर्न सहयोग र सहायता परिचालन गरिने,
- विकास साझेदारबाट प्राप्त सहायता र सहयोगलाई विभागको संस्थागत क्षमता र कर्मचारीको क्षमता विकास तथा प्रणाली सुधारमा केन्द्रीत गर्दै नेपालको कर प्रणालीलाई अन्तर्राष्ट्रिय स्तरको बनाइने,
- नेपालको करदाता सेवा र कर प्रणाली सुधारको प्रयासलाई विश्वका अन्य मुलुकहरू र अन्तर्राष्ट्रिय संस्थाहरूमा समेत सम्झना भएको छ । नेपालको कर प्रशासनले हालसम्म आर्जन गरेको उपलब्धी संरक्षण गर्दै हाल अवलम्वन गरिएको स्वंय कर प्रणालीलाई अन्तर्राट्रियस्तरमा प्रचलनमा रहेका नयाँ आयामहरू अनुसार परिमार्जित गरी कार्यान्वयनमा ल्याईनेछ ।

## १.५ काठमाडौं घोषणा पत्र, २०७४

राज्यको कुल राजस्व संकलनको महत्वपूर्ण हिस्सा ओगट्ने आन्तरिक राजस्व संकलन तथा व्यवस्थापन गर्ने एक महत्वपूर्ण निकायको रुपमा आन्तरिक राजस्व विभाग रहेको छ। यस विभागद्वारा आर्थिक वर्ष २०७३/०७४ मा

आयकर रु १४८ अर्व २३ करोड, मूल्य अभिवृद्धि कर रु ६१ अर्व १२ करोड, अन्तःशुल्क रु ४७ अर्व २१ करोड, स्वास्थ्य सेवा कर रु ८६ करोड र शिक्षा सेवा शुल्क रु ७३ करोड गरी कुल रु २५८ अर्व १७ करोड कर राजस्व संकलन गरिएको छ । आर्थिक वर्ष २०७२/७३ मा संकलन गरिएको कर राजस्व भन्दा २६.२६ प्रतिशतले वृद्धि भई गत बर्षको लक्ष्यको तुलनामा ११०.५२ प्रतिशत प्रगति हासिल भएको छ । कुल राजस्व परिचालनमा आन्तरिक राजस्व विभागको योगदान करिब ४७.१६ प्रतिशत रहेको छ । हालसम्ममा कुल १६,२३,०७८ करदाताहरु करको दायरामा आएका छन्। यी मध्ये व्यावसायिक स्थायी लेखा नम्बर (PAN) लिने करदाता ९,३४,६५८ तथा व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता ६,८८,४२० रहेका छन् । व्यावसायिक स्थायी लेखा नम्बर लिने मध्ये मूल्य अभिवृद्धि करतर्फ १,७६,८९१ र अन्तःशुल्कतर्फ ५४,६५७ करदाता दर्ता रहेका छन् ।

वित्तीय स्थायित्व एवम् आर्थिक वृद्धिको लागि सुदृढ वित्त संरचना निर्माण गर्ने, कर प्रणालीको सुदृढीकरण गर्दै दिगो रुपमा आन्तरिक वित्तीय स्रोत परिचालन गर्ने, विद्युतीय सूचना प्रणाली एव छरितो कार्यविधि अवलम्वन गरी कर सहभागिता लागत एवं संकलन लागत न्यून गर्ने उद्देश्यले यस आर्थिक बर्षको राजस्व नीति तथा कार्यक्रम र विभागद्वारा विभिन्न समयमा घोषणा गरिएका प्रतिबद्धता एवं नीतिहरुलाई आत्मसात् गर्दै २०७४ साल भाद्र २० र २१ गते काठमाडौंमा सम्पन्न व्यवस्थापन गोष्ठीबाट चालु आर्थिक वर्ष २०७४/०७५ मा तपसिल बमोजिमका कार्य सम्पादन गर्ने सामुहिक प्रतिबद्धता सहित यो काठमाडौं घोषणापत्र, २०७४ जारी गरेका छौं ।

<u>तपसिल</u>

१. आर्थिक वर्ष २०७४/०७५ को लागि निर्धारण गरिएको कुल राजस्व संकलनको लक्ष्य रु ७३० अर्वमध्ये यस विभागलाई निर्दिष्ट गरिएको रु. २९९ अर्व ९१ करोड शीर्षकगत रुपमा संकलन गरिने छ ।

२. आन्तरिक राजस्व विभागको पहिलो पंचवर्षीय रणनीतिक योजना (First Five year Strategic Plan) को मूल्याङ्कन गरी दोस्रो पंचवर्षीय रणनीतिक योजना (Second Five Year Strategic Plan) तयार गरी कार्यान्वयन गरिने छ ।

३. फछ्र्यौट हुन बाकी बेरुजुमध्ये चालु आ.व.मा कम्तीमा ८० प्रतिशत बेरुजु फछ्र्यौट गरी सम्परीक्षण गराइनेछ ।

४. मूल्य अभिवृद्धि करको Non-filer को संख्या ठूला करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं १, २ र ३ को हकमा एक प्रतिशतभन्दा कम गर्ने र अन्य कार्यालयहरुमा एकल संख्या (Single Digit ) मा सीमित गर्न तदनुसारको कार्ययोजना तयार गरी कार्यान्वयन गरिने छ।

५. आय विवरण पेश गर्ने म्याद थप सम्बन्धी निवेदन प्राप्त गर्ने र स्वीकृति दिने तथा कर चुक्ता प्रमाणपत्र प्रदान गर्ने कार्य बिद्युतीय प्रणाली मार्फत् हुने व्यवस्था मिलाइने छ ।

६. हाल प्रयोगमा रहेको SITC (Standard International Trade Classification) लाई परिमार्जन गरी कार्यान्वयनमा ल्याइने छ ।

७. विद्युतीय भुक्तानी प्रणाली (e-Payment) लागू गर्न अन्य सम्वद्ध निकायहरुसंग समन्वय गरी यसै आर्थिक वर्ष भित्र पूर्व तयारीको कार्य सम्पन्न गरिनेछ ।

८. राजस्व वक्यौता असुलीको लागि अन्तिम तहसम्मको कानूनी कारवाही गरिनेछ । बक्यौता सम्बन्धी कानुनी कारवाहीको बिबरण विद्युतीय अभिलेखमा अद्यावधिक गरिने छ ।

आन्तरिक राजस्व विभाग

९. प्रशासकीय पुनरावलोकनका लागि पेश भएका निवेदनमध्ये बिगत आ.ब.सम्मका निवेदनहरु सबै र चालु आ.ब. मा परेका निवेदनहरु मध्ये ५० प्रतिशत चालु आ.ब.मा नै फछ्र्यौट गरिनेछ ।

१०. विद्युतीय प्रणालीबाट विजक जारी गर्ने करदाताहरुको कारोवार विभागको केन्द्रीय सर्भरमा अभिलेख हुने गरी Central Billing Monitoring System तयार गरी कार्यान्वयन शुरु गरिने छ ।

११. विद्युतीय अभिलेख व्यवस्थापन प्रणाली (Digital Document Management System) को माध्यमबाट अभिलेख व्यवस्थित गर्ने कार्य कार्यान्वयन गरिने छ ।

१२. विद्युतीय माध्यमबाट हुने व्यापार व्यवसाय (e-Commerce) को कारोबारमा हुने करारोपण सम्बन्धमा अध्ययन गरी कार्यान्वयनको प्रक्रिया शुरु गरिने छ ।

१३. एकीकृत कर प्रणाली (ITS) मा आयकरतर्फको Audit Trial Report (ATR) तयार हुने प्रणाली विकास गरी कार्यान्वयनमा ल्याइने छ ।

१४. संगठन व्यवस्थापन सर्वेक्षण (O&M) गरी संघीय ढाँचा अनुसारको संगठन पुनर्संरचनाको खाका तयार गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाइने छ ।

१५. हाल छुट्टाछुट्टै अस्तित्वमा रहेका आयकर, मुल्य अभिबृद्धि कर, अन्तःशुल्क लगायतका राजस्व सम्वन्धी ऐनहरुलाई सरल, सहज एवं परिष्कृत गरी एउटै ऐनमा समाहित गर्नका लागि एकिकृत कर संहिताको प्रारम्भिक मस्यौदा तयार गरिनेछ ।

१६. अर्थ मन्त्रालय अन्तर्गतका विभागहरु बीच एकीकृत बिद्युतीय सूचना प्रणाली स्थापना गर्ने सन्दर्भमा यस आ.ब.मा भंसार विभाग र आन्तरिक राजस्व विभागको बिद्युतीय प्रणाली बीच Interconnectivity गरिने छ ।

१७. प्रशासकीय पुनरावलोकन तथा पुनरावेदनसंग सम्वन्धीत निवेदन, कागजात तथा फाइलहरुको स्थिति देखिने गरी पुनरावेदन सूचना व्यवस्थापन प्रणाली (Appeal Information Management System) को विकास गरी कार्यन्वयनमा ल्याइनेछ ।

१८. बजार अनुगमन कार्यलाई सघन रुपमा अगाडि वढाइनेछ। साथै अनुसन्धान र कर परीक्षण कार्य सूचना र राजस्व जोखिमका सूचकांकको आधारमा सम्पादन गरी गुणस्तरीयता अभिबृद्धि गरिनेछ ।

१९. मदिराजन्य पदार्थको शक्ति र गुणस्तर मापन गर्ने प्रयोजनको लागि विभागमा नै प्रयोगशाला स्थापना गरिनेछ ।

२०. बैंक काउण्टर स्थापना हुन बाँकी आन्तरिक राजस्व कार्यालयहरुमा बैंक काउण्टर स्थापना गरिनेछ ।

२१. कर प्रशासनमा कार्यरत जनशक्तिको क्षमता अभिबद्धि गर्न विषयगत तालिम दिने व्यवस्थालाई प्रभावकारी रुपमा संचालन गरिनेछ ।

# भाग - २

# आर्थिक वर्ष २०७३/०७४ को समष्टिगत उपलब्धी

आन्तरिक राजस्व विभाग

## २. आर्थिक वर्ष २०७३/०७४ को समष्टिगत उपलब्धी

विगत वर्षमा कर प्रणालीमा गरिएको श्रृंखलावद्ध सुधारले आर्थिक क्रियाकलापको विस्तार एवं अर्थतन्त्रको सुदृढीकरण भई करको आधार र दायरा फराकिलो हुँदै गएको छ । सरकार करका दरहरुमा वृद्धि नगरी निजी क्षेत्रलाई सक्रिय एवं स्वतः स्फूर्त रुपमा सहभागी गराई कर कानुनको पूर्ण कार्यान्वयन गर्दै राजस्व संकलन वृद्धि गर्न चाहन्छ । आर्थिक वर्ष २०७३/७४ मा यस भन्दा अघिल्ला वर्षहरुमा संचालन भएका कार्यहरुलाई निरन्तरता दिंदै कतिपय थप कार्यक्रमहरु कार्यान्वयन गरियो राजस्व परिचालनलाई पारदर्शी र करदातामैत्री बनाउने, करको दायरा बढाउने, कर सहुलियत तथा सुविधा वृद्धि गर्ने, चुहावट नियन्त्रण गर्ने रणनीतिका साथ कार्य योजना सहित कार्यान्वयन गरिएको थियो । करको दायरामा नआएकालाई दायरामा ल्याउने, करदाता सेवामा गुणस्तर वृद्धि गरी करदातामैत्री वातावरण श्रृजना गर्ने, कर परीक्षण तथा अनुसन्धान, कर्मचारीको क्षमता विकास तथा प्रभावकारी अनुगमनको माध्यमबाट आर्थिक वर्ष २०७३/७४ लाई कर प्रणाली सुधार वर्षकै रुपमा निरन्तरता दिई सूचना, प्रमाण, तथ्य र अन्वेषणमा आधारित कर छली अनुसन्धान, जोखिमका सूचकांकमा आधारित कर लेखा परीक्षण, कारोवारका आधारमा करदाताको वर्गीकरण, कार्यबोझका आधारमा संगठनात्मक व्यवस्था, पेशागत दक्षतामा आधारित कर प्रशासन न्यायिक सिद्धान्तमा आधारित भएर कर निर्धारण र पुनरावलोकन, स्वयं घोषणामा आधारित कर प्रणाली अवलम्बन गर्दै आएको देखिन्छ । उल्लेखित प्रणालीगत सुधार र प्रशासनिक दक्षतामा परेको प्रमावका बाबजुद देहाय बमोजिमको उपलव्धी प्राप्त भएको छः


- **मूल्य अभिवृद्धि कर** : रु. १ खर्व ६४ अर्ब ७२ करोड लक्ष्य निर्धारण भएकोमा रु. १ खर्व ६० अर्व ३१ करोड असूल भएको छ । सो मध्ये पैठारीतर्फ १ खर्व ५ अर्व ३९ करोड लक्ष्य रहेकोमा रु. ९९ अर्ब १९ करोड र आन्तरिक तर्फ ५९ अर्व ३२ करोड लक्ष्य रहेकोमा रु. ६१ अर्ब १२ करोड असुल भएको छ । आन्तरिक तर्फ लक्ष्यको तुलनामा १०३ प्रतिशत प्रगति भएको देखिन्छ ।
- **आयकर** : रु.१ खर्व २७ अर्ब ५२ करोड लक्ष्य तोकिएकोमा रु. १ खर्व ४८ अर्ब २३ करोड असुली हुन गई लक्ष्यको तुलनामा ११६ प्रतिशत प्रगति भएको छ ।
- **अन्तःशुल्क** : रु. ८० अर्ब ९४ करोड लक्ष्य तोकिएकोमा रु. ८४ अर्ब ५६ करोड असुली भएको छ । अन्तःशुल्कको पैठारी तर्फ ३५ अर्व ९१ करोड लक्ष्य रहेकोमा ३७ अर्ब ३५ करोड र आन्तरिक तर्फ रु ४५ अर्व ०२ करोड लक्ष्य रहेकोमा रु. ४७ अर्ब २१ करोड असुली भएको छ । आन्तरिकतर्फ लक्ष्यको तुलनामा १०५ प्रतिशत प्रगति भएको देखिन्छ ।
- **शिक्षा सेवा शुल्क** : रु. ७५ करोड ६२ लाख लक्ष्य रहेकोमा रु ७३ करोड ९७ लाख असुली भई ९८ प्रतिशत प्रगति भएको देखिन्छ ।
- **स्वास्थ्य सेवा कर** : रु. ९६ करोड ८९ लाख लक्ष्य भएकोमा रु ८६ करोड ३३ लाख असुली भई ८९ प्रतिशत प्रगति भएको देखिन्छ ।

आन्तरिक राजस्व विभागको कूल २ खर्व ३३ अर्ब ६० करोड लक्ष्यमा २ खर्व ५८ अर्व १७ करोड संकलन भई लक्ष्यको १११ प्रतिशत प्रगति भएको देखिन्छ । आ.व. २०७२/७३ को तुलनामा आ.व. २०७३/०७४ को राजस्व असुलीको वृद्धिदर २६ प्रतिशत रहन गएको देखिन्छ । यसै गरी आन्तरिक राजस्व विभाग अर्न्तगत गत वर्षको यसै अवधिको तुलनामा आय कर, मूल्य अभिवृद्धि कर र अन्तःशुल्कको संकलन वृद्धि क्रमश २७ प्रतिशत, २३ प्रतिशत र ३० प्रतिशत रहन गएको छ । यस प्रगति समीक्षामा राजस्व परिचालनको समग्र अवस्था र संरचनागत विश्लेषण तथा गत वर्षको कर नीतिको कार्यान्वयनबाट प्राप्त महत्वपूर्ण उपलव्धिहरूको विश्लेषण निम्नानुसार गरिएको छ ।

## २.१ कूल गार्हस्थ उत्पादनसँग राजस्व परिचालनको अनुपात

नेपालमा आधुनिक कर प्रणालीको थालनी भएको आधार वर्ष २०५८/०५९ लाई लिने हो भने शुरुका वर्षमा कूल ग्रार्हस्थ उत्पादनमा उत्पादकको मूल्यमा कूल राजस्व असूलीको अनुपात ११ प्रतिशत रहेको थियो । यसै क्रममा नेपालमा भएको आर्थिक क्रियाकलापमा भएको वृद्धि र अर्थतन्त्रको विस्तार सँगसँगै आ.व. २०६६/०६७ मा आईपुग्दा यसको अनुपातमा सुधार आई १५.३ प्रतिशत पुगेको थियो भने आ.व. २०६७/०६८ मा १४.६ प्रतिशत रहन गएको देखिन्छ । त्यस्तै आ.व. २०६८/०६९ मा यस प्रवृत्तिमा उल्लेखनीय सुधार भई यसको अनुपात १५.७ प्रतिशत रहन गएको देखिन्छ । आ.व. २०६९/०७० मा १७.५ प्रतिशत रहन गएको अनुपात आ.व. २०७०/०७१ मा १८.५ प्रतिशत रहन गएको देखिन्छ । आ.व.२०७१/०७२ मा कूल ग्राहस्थ उत्पादनमा राजस्वको योगदान १९.९ प्रतिशत रहन गएको देखिन्छ । त्यस्तै आ.व. २०७२/०७३ मा राजस्वमा योगदान २१.४३ प्रतिशत रहेकोमा आ.व. २०७३/०७४ मा आइपुग्दा कुल ग्राहस्थ उत्पादनमा कुल राजस्वको योगदान २३.४४ प्रतिशत रहेको छ । यसैगरी कुल ग्राहस्थ उत्पादनमा कर राजस्वको योगदान आ.व. २०७२/७३ मा १८.८५ प्रतिशत रहेकोमा आ.व. २०७३/७४ २१.०६ रहन गएको देखिन्छ । यी तथ्यांकको आधारमा नेपालमा करको आधार तथा कर संकलनको अवस्था क्रमश: सुधार हुँदै गएको देखिन्छ ।

| तालिका नं. १ : कूल ग्राहस्थ उत्पादनमा राजस्व परिचालनको अनुपात | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| Year | 2065/66 | 2066/67 | 2067/68 | 2068/69 | 2069/70 | 2070/71 | 2071/72 | 2072/73 | 2073/74 |
| Ratio of Tax Revenue to GDP | 12 | 13.3 | 12.6 | 13.2 | 15.3 | 16.1 | 16.75 | 18.85 | 21.06 |
| Ratio of Total Revenue to GDP | 14.7 | 15.3 | 14.6 | 15.7 | 17.5 | 18.5 | 19.1 | 21.43 | 23.44 |




*चित्र नं. १*

## २.२ कूल ग्राहस्थ उत्पादनसँग मूल्य अभिबृद्धि कर, आयकर र अन्त:शुल्क परिचालनको अवस्था

आर्थिक वर्ष २०५८/०५९ लाई आधार वर्ष मानी विश्लेषण गर्दा वस्तु तथा सेवाको उपभोगमा आधारित कर संकलनको योगदान आ.व. २०५८/५९ मा कूल गार्हस्थ उत्पादनको उत्पादन मूल्यमा करिब १.१ प्रतिशत रहेको देखिन्छ । आर्थिक वर्ष २०६६/०६७ सम्म आउँदा यसको अनुपातमा वृद्धि हुन गई ४.६ प्रतिशत पुग्न गयो । त्यस्तै आ.व. २०६८/०६९ मा ४.६ प्रतिशत रहन गएको थियो भने आ.व. २०६९/०७० मा ४.९ प्रतिशत रहन गएको


देखिन्छ । आ.व. २०७०/०७१ मा ५.२ प्रतिशत र आ.व. २०७१/०७२ मा ५.५८ प्रतिशत रहन गएको देखिन्छ । आ.व. २०७२/७३ मा ५.४३ प्रतिशत रहेकोमा आ.व. २०७३।७४ मा ६.१७ प्रतिशत रहेको छ ।

यसैगरी आयकर ऐन, २०५८ को कार्यान्वयन पछि यसको अनुपातमा क्रमशः वृद्धि हुदै गएको छ । आ.व. २०६७/०६८ मा ३.१ प्रतिशत रहन गएकोमा क्रमशः वृद्धि हुदै आ.व. २०६८/०६९ मा ३.४ प्रतिशत रहन गएको छ । आ.व. २०६९/०७० र २०७०/७१ मा यसको अनुपात ४ प्रतिशत रहन गएको थियो । त्यस्तै आ.व. २०७१/०७२ मा ४.१६ प्रतिशत रहन गएको थियो । आ.व. २०७२/७३ मा ५.२ प्रतिशत पुगेकोमा आ.व. २०७३।७४ मा ५.७ प्रतिशत पुगेको छ ।

यसैगरी उपभोगमा आधारित अन्तःशुल्कको अनुपात पनि शुरुको आधार वर्षमा तत्कालको बिक्री करको हाराहारीमा रहेको भएतापनि नेपालले विश्व व्यापार संगठनको सदस्यता प्राप्त गरी भन्सार राजस्वको न्यूनता परिपूर्ति गर्न थप क्षेत्रमा यस करको करारोपण गर्न थालिएपछि अन्तःशुल्कको राजस्वमा योगदानको अनुपातमा पनि क्रमशः वृद्धि हुँदै आ.व. २०७०/०७१ सम्म आई पुग्दा अन्तःशुल्कको योगदान कूल गार्हस्थ उत्पादनसँगको २.४ प्रतिशत रहेकोमा आ.व. २०७१/०७२ मा २.५२ प्रतिशत र आ.व. २०७२/७३ मा ३.०९ प्रतिशत पुगेको देखिन्छ । यो अनुपात आ.व २०७३/७४ मा आईपुग्दा ३.२६ प्रतिशत पुगेको छ ।

**तालिका २ : कूल ग्राहस्थ उत्पादनमा मू.अ.कर, आयकर र अन्तःशुल्कको अनुपात**

| Year | 2065/66 | 2066/67 | 2067/68 | 2068/69 | 2069/70 | 2070/71 | 2071/72 | 2072/73 | 2073/74 |
|---|---|---|---|---|---|---|---|---|---|
| Ratio of Excise to GDP | 1.6 | 2 | 1.9 | 2 | 2.2 | 2.4 | 2.52 | 3.09 | 3.26 |
| Ratio of IT to GDP | 2.8 | 2 | 3.1 | 3.4 | 4 | 4 | 4.16 | 5.2 | 5.7 |
| Ratio of VAT to GDP | 4 | 4.6 | 4.5 | 4.6 | 4.9 | 5.2 | 5.58 | 5.43 | 6.17 |




*चित्र नं. २*

## २.३ कूल राजस्व संकलनमा आन्तरिक राजस्व विभागको योगदान


कुल राजस्व संकलनमा आन्तरिक राजस्व विभागबाट संकलन हुने राजस्वको योगदान बढ्दै गएको छ । विगत वर्षहरुमा संकलन भएको राजस्वको तथ्यांकलाई विश्लेषण गर्दा कुल राजस्व संकलनमा आन्तरिक राजस्वको अंश प्रत्येक आर्थिक वर्षमा बढ्दै गएको देखिन्छ । कुल राजस्व संकलनमा आन्तरिक राजस्व विभागको योगदानलाई हेर्दा आ.व. २०६६/०६७ को कूल राजस्व संकलन रु. १८२.३७ अर्व रहेकोमा रु. ६७.९६ अर्वको आन्तरिक राजस्व

योगदान रहेको थियो भने कूल राजस्व संकलनमा आन्तरिक राजस्वको योगदानमा पनि वृद्धि भई ३७.२६ प्रतिशत पुगेको थियो । आ.व. २०६७/०६८ को कूल राजस्व संकलन रु. १९९.८१ अर्व रहेकोमा रु. ८०.४९ अर्वको राजस्व योगदान आन्तरिक राजस्वको रहेको थियो । अर्थात कूल राजस्व संकलनमा आन्तरिक राजस्वको योगदानको अशं घट्न गई ३५.२ प्रतिशत रहेको थियो । त्यसैगरी आ.व. २०६८/०६९ को कूल राजस्व संकलन रु. २४३.९२ अर्व रहेकोमा कूल राजस्व संकलनमा आन्तरिक राजस्वको योगदान रु. ९७.९ अर्व रही ४०.१४ प्रतिशत रहेको थियो । आ.व.२०६९/०७० को कूल राजस्व संकलन रु. २९६.०२ अर्व रहेकोमा कूल राजस्व संकलनमा आन्तरिक राजस्वको योगदान रु. ११७.८९ अर्व रही ३९.८ प्रतिशत रहेको थियो । लआ.व. २०७०/०७१ मा कूल राजस्व संकलन रु. ३५६.६२ अर्व मा आन्तरिक राजस्व संकलन रु. १४०.५८ अर्व रहन गएको छ भने कूल राजस्वमा आन्तरिक राजस्वको अंश ३९.४० प्रतिशत रहेको देखिन्छ ।

त्यसैगरी आ.व. २०७१/७२ सम्म आइपुग्दा कूल राजस्व संकलन रु.४०५.८६ अर्व मध्येमा आन्तरिक राजस्व संकलन रु. १६०.०९ अर्व हुन गएको देखिन्छ । जसमा आन्तरिक राजस्वको अंश ३९.४४ प्रतिशत रहेको देखिन्छ । आ.व. २०७२/७३ मा कूल राजस्व रु. ४८१ अर्व ९६ करोड संकलन भएकोमा आन्तरिक राजस्व तर्फको संकलन रु. २०४ अर्व ४३ करोड रहन गएको छ जसको कूल राजस्वमा ४२.४२ प्रतिशत योगदान रहेको देखिन्छ । त्यस्तै आ.व. २०७३/७४ मा कुल राजस्व संकलन रु. ६०९ अर्व १८ करोडमध्ये आन्तरिक राजस्व संकलन रु. २५८ अर्व १७ करोड भएको छ । आ.व. २०७३/७४ मा कुल राजस्वमा आन्तरिक राजस्वको अंश ४२.३८ प्रतिशत हुन आँउछ ।

**तालिका ३ : कूल राजस्व संकलनमा आन्तरिक राजस्व विभागको योगदान** (अर्वमा)

| | 2066/67 | 2067/68 | 2068/69 | 2069/70 | 2070/71 | 2071/72 | 2072/73 | 2073/74 |
|---|---|---|---|---|---|---|---|---|
| Total Revenue (bn) | 182.37 | 199.81 | 243.92 | 296.02 | 356.62 | 405.86 | 481.96 | 609.18 |
| IRD's Collection(bn) | 67.96 | 80.49 | 97.9 | 117.89 | 140.59 | 160.09 | 204.43 | 258.17 |
| Share % | 37.26% | 40.28% | 40.14% | 39.83% | 39.42% | 39.44% | 42.42% | 42.38% |





*चित्र नं. ३*

## २.४ कर राजस्व संकलनमा आन्तरिक राजस्व विभागको योगदान

कर राजस्व संकलनमा आन्तरिक राजस्व विभागको योगदानलाई हेर्दा देहाय अनुसार देखिएको छ ।

**तालिका ४ : कूल कर राजस्व संकलनमा आन्तरिक राजस्व विभागको योगदान** (अर्वमा)

| | 2069/70 | 2070/71 | 2071/72 | 2072/73 | 2073/74 |
|---|---|---|---|---|---|
| Total Tax Revenue (bn) | 259.21 | 312.44 | 355.96 | 421.09 | 547.48 |
| IRD's Collection(bn) | 117.89 | 140.59 | 160.09 | 204.43 | 258.17 |
| IRD's Share on Tax Revenue | 45.48% | 45.00% | 44.97% | 48.55% | 47.16% |




*चित्र नं. ४*

## २.४ राजस्वको संरचनागत योगदान

कर राजस्वको दायरा विस्तार भई कुल राजस्व संकलनमा कर राजस्वको अंश उल्लेखनीय रुपमा बृद्धि भएको छ । कर प्रशासनको प्रभावकारीता र यसको उत्तरदायित्व बढ्नु, करदाताको कर सहभागीता लागत र समयमा क्रमशः अपेक्षित सुधार हुँदै जानु साथै कर कानुनका नीतिगत मार्गदर्शनहरु समय सापेक्ष रुपमा उचित दिशातर्फ उन्मुख हुँदै जानु लगायतका कारणहरुले कर राजस्वको दायरा तथा योगदानलाई वृद्धि गर्दै लगेको छ ।

आ.व. २०७३/७४ को कूल राजस्वको लक्ष्य रु. ५ खर्व ६५ अर्व ९० करोड भएकोमा रु. ६ खर्व ०९ अर्व १८ करोड संकलन भई लक्ष्यको तुलनामा १०७.६५ प्रतिशत प्रगति हासिल भएको छ । जसमा भन्सार शुल्क रु. ११३.२ अर्व, आयकर रु. १४८.२ अर्व, मूल्य अभिवृद्धि कर रु. १६०.३ अर्व, अन्तःशुल्क रु. ८४.७ अर्व, शिक्षा सेवा शुल्क, रु. ७४ करोड र स्वास्थ्य सेवा कर रु. ८९ करोड असुली भएको देखिन्छ । त्यसैगरी कूल राजस्व संकलनमा गैह्रकर राजस्वको अंश ११.९० प्रतिशत रहन गएको छ अर्थात् कूल राजस्व रु. ६०९.१८ अर्वमा गैह्रकर राजस्वको अंश ६१.७ अर्व रहन गएको देखिन्छ भने कर राजस्व रु. ५४७.४८ अर्व संकलन भएको देखिन्छ ।

**तालिका ५ : राजस्वको संरचनात्मक योगदान**

| Heading | **Rs billions** |
|---|---|
| Tax Revenue | 547.48 |
| Non Tax Revenue | 61.69 |
| Total | 609.17 |

| तालिका ६ : शीर्षकगत राजस्व संकलनको बनौट | |
|---|---|
| Heading | **(Rs billions)** |
| Costom Duty | 111.84 |
| Vat | 160.31 |
| Execise | 84.56 |
| Income Tax | 135.58 |
| Health Service Tax | 0.86 |
| Education Service Fee | 0.73 |
| Other Tax (Registration fee, Vehicle Tax and Other Tax) | 39.52 |

## २.५ पञ्चवर्षीय रणनीतिक तथा त्रिवर्षीय सुधार योजनाको समीक्षा

कर प्रणालीलाई समयानुकूल सूचना प्रविधिमैत्री बनाई विद्यमान संरचनाको पुनरावलोकन, मातहत कार्यालयहरुको कार्यक्षेत्रको पुनर्सिमांकन तथा कर प्रशासनमा आवद्ध जनशक्तिको क्षमता तथा उत्पादकत्व वृद्धि गर्ने तर्फ सुस्पष्ट कार्य योजना सहित कार्यप्रारम्भ गर्नको लागि हाल विभागले अवलम्बन गरेको पञ्च वर्षीय रणनीतिक योजना तथा त्रिवर्षीय सुधार योजनाले परिलक्षित गरेका र सुधार योजना शुरु भएदेखि हालसम्म सम्पन्न भएका कार्यहरुको गहन विश्लेषण तथा ठोस समस्या पहिचान गरी राजस्व नीतिले लिएको राजस्व परिचालनलाई फराकिलो र उच्च बनाई सुदृढ सार्वजनिक प्रणालीको विकास गर्ने उद्देश्यका साथ यो रणनीतिक योजना ल्याइएको हो । पञ्चवर्षीय रणनीतिक तथा त्रिवर्षीय सुधार योजनाको समीक्षा गर्दा योजनाले परिलक्षित गरेका सूचकहरुको अवस्था देहाय बमोजिम रहेको देखिन्छ ।

### तालिका नं. ७: Implementation Status Of SP & RP IN 2016/17

| S.N | Major Indicators | Unit | Base year 2010/11 | 2015/16 | 2016/17 Target Year | 2016/17 Achievement |
|---|---|---|---|---|---|---|
| 1 | Tax Revenue -GDP Ratio | % | 14.6 | 18.87 | 18 | 21.06 |
| 2 | Income Tax -GDP Ratio | % | 3.1 | 5.2 | 5.46 | 5.7 |
| 3 | VAT -GDP Ratio | % | 4.58 | 5.43 | 5.64 | 6.17 |
| 4 | Excise -GDP Ratio | % | 1.96 | 3.09 | 3.17 | 3.26 |
| 5 | Online registration | % | 96.8 | | 100 | 100 |
| 6 | e-Filing | % | 87 | | 100 | 100 |
| 7 | VAT Non-filer | % | 21.33 | 30.29 | 10 | 30 |
| 8 | Income Tax Non-filer | % | 58.36 | 38 | 40 | 44 |
| 9 | No of Taxpayer Audit Selection | % | 1.3 | | 2 | 1.25 |
| 10 | Decrease in complaince cost by | % | 9328 | NA | 50 | - |

**आन्तरिक राजस्व विभाग**

आ.व. २०६७/०६८ लाई आधार वर्ष मान्दा कर राजस्वको कूल ग्राहस्थ अनुपात १४.६ प्रतिशत रहेको थियो भने यो रणनीतिक योजना लागू भएपछि आ.व. २०७१/०७२ मा यसको अनुपात बढेर १६.७५ प्रतिशत रहेको थियो । आ.व. २०७२/०७३ मा यसको अनुपात बढेर १८.८७ प्रतिशत पुगेको देखिन्छ जुन आ.व. २०७३/०७४ मा २१.०६ प्रतिशत पुगेको देखिन्छ । त्यसैगरी आ.व. २०७१/७२ मा आयकरको अनुपात ४.१६ प्रतिशत रहेकोमा आ.व. २०७२/०७३ मा ५.२ प्रतिशत र आ.व. २०७३/०७४ मा ५.७ प्रतिशत पुगेको देखिन्छ भने अन्तःशुल्क आ.व. २०७२/७३ मा ३.०९ प्रतिशत रहेकोमा आ.व. २०७३/०७४ मा ३.२६ प्रतिशत पुगेको देखिन्छ । यो योजना लागू भएपछि Online Registration आधार वर्ष २०६७/०६८ मा ९६.८ प्रतिशत थियो भने आ.व. २०७१/०७२ मा ९९.१ प्रतिशत पुग्न गएको देखिन्छ भने यो योजनाको पूर्ण कार्यान्वयन पछि आ.व. २०७३/०७४ मा यसलाई १०० प्रतिशत पु्र्याउने लक्ष्य लिएकोमा सो लक्ष्य पूरा भएको छ । त्यसैगरी इ फाइलिङ तर्फ पनि १०० प्रतिशत नै पुग्ने लक्ष्य रहेकोमाउक्त लक्ष्य पुरा भइको देखिन्छ । कर परीक्षण भएका करदाताको संख्या आ.व. २०६७/०६८ लाई आधार वर्ष मान्दा १.३ प्रतिशत थियो भने यस्तो कर परीक्षण आ.व. २०७१/०७२ मा १.२५ प्रतिशत रहेको देखिन्छ भने यस योजनाको पूर्ण कार्यान्वयन पछि आ.व. २०७३/०७४ मा यस्तो  करपरीक्षण २ प्रतिशत पुग्ने लक्ष्य रहेकोमा सो लक्ष्य पुरा भएको देखिदैन ।

आ.व. २०६७/०६८ लाई आधार वर्ष मान्दा VAT Non Filer २१.३३ प्रतिशत रहेको थियो भने आ.व. २०७१/०७२ मा यो अनुपात बढेर २४.२ प्रतिशत भएको देखिन्छ भने यो योजनाको पूर्ण कार्यान्वयन पछि आ.व. २०७३/०७४ मा भ्याट ननफाइलरलाई १० प्रतिशत पुर्‍याउने लक्ष्य लिएकोमा त्यसमा सुधार हुन सकेको छैन । आ.व. २०७३/७४ को तथ्यांकलाई हेर्दा VAT Non Filer ३० प्रतिशत रहेको देखिन्छ । त्यसैगरी आयकर तर्फको ननफाइलर आ.व. २०६७/०६८ मा ५८.३६ प्रतिशत रहेकोमा आ.व. २०७१/०७२ मा ४० प्रतिशत, आ.व. २०७१/७२ मा ३८ प्रतिशत र आ.व. २०७३/७४ मा ४४ प्रतिशत आयकरतर्फ ननफाइलर रहेको देखिन्छ ।

## २.६ शाखागत बिश्लेषण

### २.६.१ करदाता सेवा शाखा

करदाता सेवा शाखाले मूलतः करको दायरा फराकिलो बनाउने, कर सहभागिताको स्तरमा सुधार गर्ने, करदातालाई करका औपचारिकता पूरा गर्न सक्षम बनाउन करदाता शिक्षाको कार्यक्रम सञ्चालन गर्ने, करदेयी क्षमताको पहिचान गरी कर प्रशासनको प्रभावकारिताको लागि सूचना संकलन गर्ने, आन्तरिक रूपमा प्राप्त भएका करदाताका सूचनाको भण्डारण गर्ने,  यसको उपयोग गर्नका लागि आन्तरिक रूपमा सूचना प्रवाह गर्ने, करदातालाई विद्युती माध्यमबाट सेवा लिन सक्ने र कार्यालयले सेवा दिनसक्ने गरी नवीन प्रविधिको विकासमा जोड दिने कार्य गर्दछ । यसका साथै प्राप्त भएका करदाताका कर तथा आय विवरणहरू सम्बन्धी तथ्यांकहरू प्रशोधन गरी सूचना प्रणालीमा भण्डारण गर्ने, प्रशोधित हुन नसकेका विवरण र राजस्व जोखिम रहेका करदाता एवं विवरणको पहिचान गरी कर परीक्षण तथा अनुसन्धानको लागि करदाताको सूचना वैक तयार गर्ने काममा पनि क्रियाशील छ । कर प्रणालीको प्रभावकारी कार्यान्वयनको लागि करदाता र जनतासँग अर्न्तक्रिया गर्ने र करदाताका सूचनाको दिगो व्यवस्थापन गर्ने कार्य पनि यस शाखावाट सम्पादन हुँदै आएको छ ।

**आर्थिक वर्ष २०७३/०७४ मा करदाता सेवा शाखाबाट सम्पादन भएका कार्यहरु**

करदाता सेवा शाखाबाट तय गरिने मातहत कार्यालयहरूको आ.ब. २०७२।७३ को करदाता सेवा सम्बन्धी वार्षिक लक्ष्य निर्धारण गरिएको । जसमा तपसीलमा उल्लेख भए बमोजिमको प्रगति हासिल भएको:

(क) करको दायरा विस्तार:

- आर्थिक वर्ष २०७३।७४ मा व्यवसायिक स्थायी लेखा नम्वर (B-PAN) १०६१०२ प्रदान गरी  यस आर्थिक वर्षसम्म जम्मा ९५५३३८ करदाताले व्यवसायिक स्थायी लेखा नम्वर प्राप्त गरेको ।

- आर्थिक वर्ष २०७३।७४ मा व्यक्तिगत स्थायी लेखा नम्वर (P-PAN) ८६७७० प्रदान गरी यस आ.व सम्ममा जम्मा ६९०३५१ करदाताले व्यक्तिगत स्थायी लेखा नम्वर प्राप्त गरेको ।
- आर्थिक वर्ष २०७३।७४ मा मू.अ.कर दर्ता तर्फ १६८२६ करदाताहरूको कारोवार दर्ता गरी यस आर्थिक वर्षसम्म १८४३५६ वटा करदाताहरू मू.अ.करमा दर्ता भएका ।
- आर्थिक वर्ष २०७३।७४ मा अन्त:शुल्कतर्फ ६७६६७ करदातालाई अन्त:शुल्क इजाजतपत्र प्रदान तथा नवीकरण गरिएको
- आर्थिक वर्ष २०७३।७४ मा बहाल आयलाई लक्षित गरी ३३८४७ बहाल सर्भे सम्पन्न गरिएको ।

(ख) करदाता शिक्षा कार्यक्रम :

- करदाताहरूसंग ९१० वटा अन्तर्क्रिया तथा तालिम कार्यक्रम सम्पन्न गरिएको ।
- Tool kit को वितरण गरी करदाता शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाइएको ।

(ग) कर सहभागितामा बृद्धि:

- आर्थिक वर्ष २०७१/०७२ मा ४७७२७५ आय विवरण प्राप्त भएकोमा यस आ.व. २०७२/०७३ मा ४५५६९१ आय विवरण प्राप्त भएको छ ।
- आर्थिक वर्ष २०७२/०७३ मा १२६७८९ अग्रिम कर कट्टीको विवरण प्राप्त भएकोमा आ.व. २०७३/०७४ मा १२९५०७ अग्रिम कर कट्टीको विवरण प्राप्त भएको ।
- आर्थिक वर्ष २०७२।७३ मा मू.अ.कर विवरण पेश नगर्ने करदाताहरू २५ प्रतिशत रहेकोमा आ.व २०७३।७४ को अन्त्यमा विवरण पेश नगर्ने करदाताहरू २३ प्रतिशत रहेको देखिन्छ ।
- आर्थिक वर्ष २०७२/७३ मा ४११९७ करदाताको विवरण अद्यावधिक गरिएकोमा यस आ.व. २०७३/७४ मा २६५५० करदाताको विवरण अद्यावधिक गरिएको ।
- आर्थिक वर्ष २०७२।७३ मा ३५३९९ आयविवरणको Rapid verification गरी रू.३९,०५,०७,९१०।०० कर सहभागिता गराइएकोमा आ.व २०७३।०७४ मा १०३०० आय विवरणको Rapid verification गरी रू ८,१३,५०,०००।०० कर सहभागिता गराइयो ।

| १ | करको दायरा विस्तार | २०७२।७३ | २०७३।७४ |
|---|---|---|---|
| | व्यवसायिक स्था.ले.नं. | ८४२४६ | १०६१०२ |
| | व्यक्तिगत स्था.ले.नं. | ७७५७९ | ८६७७० |
| | मू.अ.कर दर्ता | १३९११ | १६८२६ |
| | अन्त:शुल्क इजाजत | ५४३११ | ६७६६७ |
| | बहाल कर सर्भेक्षण संख्या | ५०२९९ | ३३८४७ |
| २. | कर सहभागितामा बृद्धि | | |
| | आयविवरणको प्राप्ति | ४०६५१८ | ४५५६९१ |
| | आयविवरण ननफाइलर | ४६ | ४४ |
| | मू.अ.कर ननफाइलर | २५ | ३० |
| | टि.डि.एस विवरण प्राप्ति | ९३१०३ | १२९५०७ |
| ३ | भेरिफिकेशन | | |
| | Rapid verification No | ३५३९९ | १०३०० |
| | Rapid verification Amount( 000) | ३९०५०७ | ८१३५० |
| | Tax payer Update No | ४११९७ | २६५५० |



आन्तरिक राजस्व विभाग

आगामी दिनमा करको दायरा विस्तार तथा सहभागिता अभिवृद्धि एवं अभिलेख व्यवस्थापन गर्न करदाता अनुगमन कार्यविधि तयार गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

**करदाता सेवा शाखाबाट सम्पादित अन्य कार्यहरू**

१.करदाताहरुको **Log Off/Log On**

ठूला करदाता कार्यालय (LTO) को कार्यक्षेत्र अन्तर्गत पर्ने ३३५ करदाताहरुलाई आन्तरिक राजस्व कार्यालयहरु र करदाता सेवा कार्यालयहरुबाट Log Off गरी LTO मा Log On गरिएको ।

| आयकर तर्फ (आ.व. २०७१/७२ को आय विवरणको कारोवार अंकको आधारमा | मू.अ.कर तर्फ (आ.ब. २०७२/७३ को मू.अ.कर विवरणको आधारमा | जम्मा |
|---|---|---|
| ५३ | १४१ | १९४ |

- LTO मा Log On भएका तर ठूला करदाताको थ्रेसहोल्ड भन्दा कम कारोवार भएका ७४ करदाताहरुलाई उक्त कार्यालयबाट Log Off गरी सम्बन्धित आ.रा.का. र क.से.का.हरुमा Log On गरिएको ।
- वार्षिक कारोबार रकम पाँच करोड नाघेका ७३० करदाताहरुलाई करदाता सेवा कार्यालयहरुबाट Log Off गरी सम्बन्धित आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं. १, २ र ३ मा Log On गरिएको ।

| कार्यालय | आयकर तर्फ (आ.व. २०७१/७२ को आय विवरणको कारोवार अंकको आधारमा | मू.अ.कर तर्फ (आ.ब. २०७२/७३ को मू.अ.कर विवरणको आधारमा | जम्मा |
|---|---|---|---|
| काठमाण्डौं क्षेत्र नं. १ | १०४ | १४३ | २४७ |
| काठमाण्डौं क्षेत्र नं. २ | ५६ | ७३ | १२९ |
| काठमाण्डौं क्षेत्र नं. ३ | ११४ | १५२ | २६६ |

६. पांचौ राष्ट्रिय कर दिवस, २०७३

- पांचौ राष्ट्रिय कर दिवस, २०७३ मूल समारोह आयोजक समिति र विभिन्न कार्यगत उपसमितिहरु गठन गरी २०७३ मार्ग १ गते राष्ट्रिय प्रज्ञा प्रतिष्ठानमा भव्यताका साथ सम्पन्न गरिएको । सोही अवसरमा राजस्वमा उल्लेखनीय योगदान गर्ने करदाताहरु र कर्मचारीहरुलाई सम्मान तथा पुरस्कार वितरण गर्ने लगायत सप्ताहव्यापी रुपमा विभिन्न कार्यक्रमहरु सम्पन्न भयो ।
- उपत्यका भित्रका कार्यालयहरुबाट सम्मानित हुने करदाता तथा पुरस्कृत हुने कर्मचारीहरुलाई मिति २०७३/८/७ गते एकै थलोबाट होटल अन्नपूर्ण र उपत्यका बाहिरका कार्यालयहरुमा विभिन्न मितिमा सम्मान कार्यक्रम सम्पन्न गरियो ।
- Frequently Asked Question अपडेट गरिएको ।
- Call Centre मार्फत सेवाग्राहीहरुको जिज्ञासा एवं प्रश्नहरुको उत्तर दिने कार्य गरिएको ।

आन्तरिक राजस्व विभाग

**७ सूचना, प्रकाशन र प्रशारण :**

करदाताहरुलाई कर कानुनमा भएका प्रावधानहरु र करसहभागिता अभिवृद्धि गर्न जानकारीमूलक विभिन्न सूचनाहरु तयार गरी प्रसार प्रचार गरिएको । कर सम्बन्धी विद्यमान व्यवस्थाहरु तथा आर्थिक विधेयक, २०७२ द्वारा प्रदान गरिएका मिन्हा, सुविधाहरु र कर कानुनहरुमा गरिएका परिवर्तनहरु सम्बन्धी सूचना प्रकाशन र प्रशारण गरिएको र आगामी दिनमा तपसिल बमोजिमका कार्य गरी सूचना तथा कार्यक्रम निर्माण प्रकाशन र प्रशारण व्यवस्थित गर्नुपर्ने :

- कर प्रशासनसंग सम्बन्धित सूचनामूलक सामग्री तथा कार्यक्रम निर्माण गर्दा प्रतिस्पर्धात्मक रुपमा कम लागत र गुणस्तरीयता कायम हुने गरी व्यवस्थापन गर्नुपर्ने ।
- कार्यक्रम उत्पादन गरी प्रशारण गर्न स्वीकृति दिंदा सो अवधिमा बिना शुल्क कर प्रशासन सम्बन्धी सूचना प्रवाह गर्ने व्यवस्था गर्नुपर्ने ।
- प्रशारणको सुनिश्चिततालाई ध्यानमा राखेर मात्र प्रचार सामग्रीहरु निर्माण गर्नुपर्ने ।

**कर दायराको अवस्था**

करदाताको कारोवारको सीमाको आधारमा मूल्य अभिबृद्धि करमा दर्ता हुने शुरुको व्यवस्था र मूल्य अभिवृद्धि कर कानूनले केही व्यवसायलाई करको दायरा बाहिर राखेकोले करदाताको पहिचानको अवस्था फरक देखिन्छ । आ.व २०७३/०७४ मा स्थायी लेखा नम्बर १ लाख ६ हजार ९६ लाई प्रदान गरिएको छ भने मूल्य अभिबृद्धि कर तर्फ १६ हजार ८ सय २३ करदाताहरू थप भएका छन् । यसै गरी आ.व. २०७३/०७४ सम्ममा ५१ हजार १६ करदाताहरूले अन्तःशुल्कको ईजाजत नवीकरण गरेको देखिन्छ । करदाता दर्ता हुने विगतदेखिको प्रवृत्तिगत अवस्था हेर्दा आ.व. २०५७/०५८ मा ५० हजार ५६१ आयकर तर्फ स्थायी लेखा नम्बर लिएकोमा आ.व. २०७३/०७४ सम्म आउंदा ९ लाख ३२ हजार ४ सय ९८ करदाता दर्ता भएको देखिन्छ । जस मध्ये मू.अ.कर मा दर्ता भएको करदाता संख्या १ लाख ७६ हजार २० रहेको छ ।

**करको दायरा विस्तार**

करको दायरा विस्तार अर्न्तगत आ.व. २०७३/७४ मा उत्साहजनक प्रगति भएको छ । यस अर्न्तगत कर शिक्षा तथा अर्न्तक्रिया, करदाताहरूको अभिलेख अद्यावधिक गर्ने, घरवहाल सर्वेक्षण र त्यसको माध्यमवाट घर वहाल कर संकलन, मूल्य अभिवृद्धि करमा दर्ता आदिबाट करको दायरामा विस्तार भएको छ ।

**आय विवरणको संरचनात्मक अवस्था**

आ.व. २०७२/०७३ मा आयकरमा कूल दर्ताको अनुपात हेर्दा NonFiler / Filer क्रमशः ४४ र ५६ प्रतिशत रहेकोमा  डे०३ विवरण बुझाउने करदाता ४३.०५ प्रतिशत र डे०१ विवरण बुझाउने ५६.९५ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी Tax Liability Reported मा डे०१ विवरणबाट राजस्वमा योगदान करिव १ प्रतिशत रहेको छ भने डे०३ विवरणको हिस्सा ९९ प्रतिशत भएको देखिन्छ ।

**मूल्य अभिवृद्धि कर विवरणको संरचनात्मक अवस्था**

आ.व २०७२/०७३ मा कूल मूल्य अभिवृद्धि विवरणको संरचनात्मक अवस्थालाई हेर्दा VAT Filer / Non Filer क्रमशः  ७० र ३०  प्रतिशत रहेकोमा आ.व. २०७३/०७४ मा ७७ र २३ प्रतिशत रहेको छ । Debit VAT Returns आ.व. २०६९/०७० मा २५.४३ प्रतिशत रहेकोमा आ.व. २०७०/०७१ मा २७.१४ प्रतिशत रहेको छ भने आ.व. २०७१/०७२  र आ.व. २०७२/७३ मा यसको प्रतिशत झरेर १८.९८ र १३.३० प्रतिशत भएकोमा देखिन्छ । आ.व. २०७३/०७४ मा १३.२५ प्रतिशत रहेको देखिन्छ । त्यसैगरी Credit VAT Returns आ.व. २०६९/०७० मा ४०.१० प्रतिशत रहेकोमा यसको अंश वढेर आ.व. २०७०/०७१ मा ४५.४९ प्रतिशत रहेकोमा

आन्तरिक राजस्व विभाग

आ.व. २०७१/०७२ मा यसको प्रतिशत ४४.०३ प्रतिशत रहेकोमा आ.व. २०७२/७३ मा ५१.११ प्रतिशत भएको देखिन्छ। आ.व. २०७३/७४ मा क्रेडिट रिटर्न ५१.१४ प्रतिशत रहेको देखिन्छ।

मूल्य अभिबृद्धि कर विवरणको संरचनात्मक अवस्था

| | 2069/070 | 2070/071 | 2071/7072 | 2072/073 | 2073/74 |
|---|---|---|---|---|---|
| Debit Returns (%) | 25.43 | 27.14 | 18.98 | 13.30 | 13.25 |
| Credit Returns (%) | 40.1 | 45.49 | 44.03 | 51.11 | 51.14 |
| Zero Returns (%) | 34.45 | 27.37 | 25 | 35.58 | 35.61 |
| Debit Amounts shown in M3 (billions) | 3.72 | 4.76 | 3.40 | 44.8 | 49.32 |
| Credit Amounts shown in M3(billions) | 15.13 | 39.05 | 17.77 | 26.4 | 29.16 |
| Ratio of credit Amount to debit amount (Times) | 4.06 times | 8.20 times | 5.22 times | 0.59 Times | 0.5913 Times |

Zero VAT Returns आ.व. २०६९/०७० मा ३४.४५ प्रतिशत रहेकोमा यसको अंश वढेर २०७०/०७१ मा २७.३७ प्रतिशत रहेको छ भने आ.व. २०७१/०७२ मा यसको प्रतिशत घटेर २५ प्रतिशत रहेकोमा आ.व. २०७२/०७३ मा यसको प्रतिशत वृद्धि भई ३५.५८ प्रतिशत रहेको छ भने आ.व. २०७३।७४ मा ३५.६१ प्रतिशत रहेको देखिन्छ। Debit Amount को तुलनामा Credit Amount को अनुपातलाई हेर्दा आ.व. २०६९/०७० मा ४.०६ Times ले वढि छ भने आ.व. २०७०/०७१ मा यसको अनुपात वढेर ८.२० Times, आ.व. २०७१/०७२ मा ०.५९ Times रहेकोमा आ.व. २०७३/७४ मा पनि ०.५९ Times यथावत रहेको देखिन्छ।

यस आ.व.मा मू.अ.कर विवरण नबुझाउने करदाता २३%, कर विवरण बुझाउने करदाता मध्ये १३.२५% ले डेविट विवरण, ५१.१४%, ले क्रेडिट विवरण र ३५.६१% ले शून्य विवरण बुझाएको देखिन्छ। मूल्य अभिवृद्धि कर तर्फ डेविड विवरण बुझाउनेको संख्या घट्दै गएको, क्रेडिट विवरण र शून्य विवरण बुझाउने करदाताको संख्या बढ्दै गएकोले कानूनको कार्यान्वयनमा कडाइ गर्दै बजार अनुगमनलाई प्रभावकारी एवं सशक्त बनाउनुपर्ने देखिन्छ।

**२.६.२ अनुसन्धान तथा विकास शाखा**

अनुसन्धान तथा विकास शाखाबाट विगत वर्षहरुमा जस्तै आ.व. २०७३।०७४ मा समेत करदाताहरुले कार्यालयमा पेश गरेका विभिन्न विवरणहरुको विश्लेषणका साथै आन्तरिक तथा वाह्य श्रोतहरुवाट प्राप्त भएको सूचना तथा उजुरीहरुलाई आधार लिएर अनुसन्धानको कार्य अघि वढाउने रणनीति लिई सोही अनुसार अनुसन्धान सम्बन्धी कार्यगत परिसूचकहरुको वार्षिक लक्ष्य निर्धारण गरी कार्यालयहरुमा पठाइयो।

अनुसन्धान सम्बन्धी कार्यगत परिसूचकहरुको वार्षिक तथा मासिक लक्ष्य हासिल गर्नका लागि आन्तरिक राजस्व विभाग अर्न्तगत काठमाण्डौ उपत्यका भित्रका आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. १, २ र ३ तथा ठूला करदाता कार्यालयमा अनुसन्धान शाखाका रुपमा छुट्टै शाखा संचालनमा रहेका छ भने अन्य आन्तरिक कार्यालय तथा करदाता सेवा कार्यालयहरुमा कर परीक्षण शाखावाट नै अनुसन्धान समेतको कार्य सम्पादन हुने गरेको छ।

विद्युतीय व्यवस्थापन सूचना प्रणाली (EIMS) मा प्रविष्टि गरिएको प्रगति तथ्यांकको आधारमा आर्थिक वर्ष २०७३।०७४ मा अनुसन्धान सम्बन्धी कार्यगत परिसूचकहरुको समग्रमा लक्ष्य अनुरुप प्रगति भएकै छ।

अनुसन्धान तथा विकास शाखाको विगत ५ आर्थिक वर्षको कार्यगत परिसूचकहरुको प्रगति तथा Yield Per Case लाई निम्नानुसार प्रस्तुत गरिएको छ।

## Audit Section : IRO & TSO

| Indicators | Performance 2073/74 | Performance 2072/73 | Performance 2071/72 | Performance 2070/71 | Performance 2069/70 |
|---|---|---|---|---|---|
| **Detail Investigation** | | | | | |
| Comprehensive Investigation (No. of cases) | 856 | 942 | 1266 | 769 | 507 |
| Amendment / Assesment of IT ('000) | 438336 | 254373 | 213626 | 160908 | 152044 |
| **Yield Per case ('000)** | 512 | **270** | **169** | **209** | **300** |
| Management Assesment of VAT (000) | 351389 | 244742 | 224933 | 225230 | 146261 |
| **Yield Per case ('000)** | 410 | **260** | **178** | **293** | **288** |
| Total | 789725 | 499385 | 438727.7 | 386347.2 | 298604.9 |
| **Yield Per case ('000)** | 923 | **530** | **347** | **502** | **589** |

## Investigation Section :LTO, IRO 1, 2, 3

| Indicators | Performance 2073/74 | Performance 2072/73 | Performance 2071/72 | Performance 2070/71 | Performance 2069/70 |
|---|---|---|---|---|---|
| Comprehensive Investigation (No) | 138 | 147 | 337 | 533 | 252 |
| EDP Based Investigation (No) | 27 | 48 | 24 | 40 | 17 |
| AA of IT (Rs 000) | 1085269 | 647972 | 1148762 | 1771571 | 1103688 |
| **Yield Per case ('000)** | 7864 | **4408** | **3409** | **3324** | 4380 |
| MA of VAT (Rs. 000) | 203357 | 148906 | 454906 | 995898 | 330833 |
| **Yield Per case ('000)** | 1474 | **1013** | **1350** | **1868** | 1313 |
| Total | 1288626 | 801286 | 1607077 | 2770793 | 1438901 |
| **Yield Per case ('000)** | 9338 | **5451** | **4769** | **5198** | 5710 |

**तथ्यांकीय विश्लेषण तर्फ:**

करदातावाट कार्यालयमा पेश भएका आयकर तथा मू.अ.कर विवरणका साथै करदातावाट करफिर्ता दावी गर्न पेश भएको विवरणको विश्लेषण तर्फका लक्ष्यलाई हेर्दा शत प्रतिशत भन्दा वढी प्रगति हासिल भएको देखिन्छ । विगत ४ वर्षको लक्ष्य प्रगति विवरण निम्नानुसार रहेको छ :

| Indicators | 2073/74 | | 2072/73 | | 2071/72 | | 2070/71 | |
|---|---|---|---|---|---|---|---|---|
| | Target | Performance | Target | Performance | Target | Performance | Target | Performance |
| Data Analysis Income Tax Returns (No) | 100 | 119 | 100 | 113 | 100 | 115 | 265 | 296 |
| Data Analysis of VAT Returns (No) | 100 | 117 | 100 | 114 | 100 | 118 | 205 | 241 |
| Data Analysis of Refund Claims (No) | 50 | 54 | 50 | 58 | 50 | 58 | 50 | 61 |

**अनुसन्धान संख्या तर्फ**

अनुसन्धानको संख्यात्मक लक्ष्यलाई हेर्दा प्रारम्भिक अनुसन्धान तथा विस्तृत अनुसन्धानको लक्ष्य हासिल भएकै देखिन्छ । कम्प्यूटर सूचनामा आधारित अनुसन्धान (EDP) संख्याको लक्ष्य पनि विगतको आर्थिक वर्षहरुमा भन्दा बढि प्रगति भएको पाइन्छ । विगत ४ वर्षको लक्ष्य प्रगतिको विवरण निम्नानुसार रहेको छः

| Indicators | 2073.74 | | 2072.73 | | 2071.72 | | 2070.71 | |
|---|---|---|---|---|---|---|---|---|
| | Target | Performance | Target | Performance | Target | Performance | Target | Performance |
| Pre Investigation (No. of Cases) | 900 | 1200 | 1230 | 1332 | 1028 | 1266 | 800 | 918 |
| Comprehensive Investigation (No. of cases) | 589 | 994 | 432 | 1088 | 1194 | 1626 | 965 | 1302 |
| EDP Based Investigation (No) | 24 | 43 | 48 | 48 | 20 | 24 | 35 | 40 |

**कर निर्धारण तर्फः**

अनुसन्धानवाट कर निर्धारण तर्फको लक्ष्य समग्रमा हासिल भएको देखिन्छ । विगत ४ वर्षको लक्ष्य प्रगतिको विवरण निम्नानुसार रहेको छः

| Indicators | 2073.74 | | 2072.73 | | 2071.72 | | 2070.71 | |
|---|---|---|---|---|---|---|---|---|
| | Target | Performance | Target | Performance | Target | Performance | Target | Performance |
| Amendment / Assesment of IT('000) | 876600 | 1523605 | 551200 | 902299 | 1040567 | 1363054 | 1228000 | 1932479 |
| Management Assesment of VAT(000) | 273400 | 554746 | 339200 | 393648 | 582800 | 680450 | 708000 | 1221128 |

२.६.३ **सूचना प्रविधि शाखा**

**आ.ब. २०७३/०७४ मा सम्पन्न प्रमुख कार्यहरु**

१. करचुक्ताको निवेदन अनलाइनबाट दिने र प्रणालीबाटै चुक्ता प्रमाणपत्र तयार गरी जारी गर्ने व्यवस्था मिलाइएको।

२. करदाताले आफुले पेश गरेको विवरण तथा भुक्तानी गरेको कर रकम समेत हेर्न सक्ने व्यवस्था गरिएको।

३. मूल्य अभिवृद्धि करको Audit Trail Report (ATR) करदाता स्वयंले हेर्न सक्ने व्यवस्था गरिएको।

४. आय विवरण पेश गर्ने म्याद थपको निवेदन अनलाइनबाटै पेश गर्ने र कर अधिकृतले प्रणालीबाटै उचित म्याद थप गर्ने सुविधा थप गरिएको।

५. एस्.एम्.एस्. पठाएर PAN Check गर्ने, करदाताले आफ्नो विवरणबारे जानकारी लिने र बल्क एस्.एम्.एस्. प्रणालीबाट करदातालाई कर दायित्व पुरा गर्न सूचित गर्ने कार्य प्रारम्भ गरिएको।

आन्तरिक राजस्व विभाग

६. IRD Nepal नामक Android System को मोवाइल एप्लीकेसन तयार गरी प्रयोगमा ल्याइएको।

७. विभागको सूचना प्रविधि प्रणालीको System Audit सम्पन्न गराइएको तथा सो को सुझावलाई कार्यान्वयन गर्न शुरु गरिएको।

८. विद्युतीय प्रणालीबाट राजस्व भुक्तानीको सम्बन्धमा गरिएको संभाव्यता अध्ययनबाट प्राप्त प्रतिवेदनको सिफारिस अनुसार अर्थ मन्त्रालयको समन्वय र विभिन्न सरोकारवाला निकायहरुको सहभागीतामा भारतको अध्ययन भ्रमण सम्पन्न भएको।

९. शिक्षा सेवा शुल्कको प्रशासनको लागि प्रणाली विकास एवं परीक्षण गरी कार्यान्वयनको अवस्थामा रहेको।

१०. स्वास्थ्य सेवा करको प्रशासनको लागि प्रणाली विकास तथा परीक्षण गरी कार्यान्वयनको अवस्थामा रहेको।

११. शाखा/महाशाखाबाट भएका महत्वपूर्ण निर्णयहरुको अभिलेखलाई Digital Documentation गर्न प्रारम्भ गरिएको।

१२. विभागको डाटा सेन्टरमा थप गरिएका सर्भर लगायतका विद्युतीय उपकरणहरुलाई Configure गरी प्रयोगमा ल्याइएको।

१३. सिंहदरबार स्थित Government Integrated Data Center मा विभागको डाटा ब्याकअपको लागि राख्न प्रारम्भ गरिएको।

१४. अन्तःशुल्क व्यवस्थापन प्रणालीलाई विविध परिमार्जन सहित व्यवस्थित रुपमा लागु गरिएको।

१५. अन्तःशुल्कको स्टीकर व्यवस्थापन प्रणाली परिमार्जन गरी लागु गर्ने क्रममा रहेको।

१६. अस्थायी तथा संयुक्त उपक्रम (Joint-Venture) कम्पनीहरुको दर्ता प्रणालीलाई छुट्याएर व्यवस्थित गरिएको।

१७. कम्प्युटर बिजक सम्बन्धी कार्यविधि, २०७१ अनुसार प्रमाणिकरणका लागि पेश भएका सफ्टवेयरहरुको प्राविधिक परीक्षण गरी राय उपलब्ध गराएको।

१८. भन्सार विभागसँग Interconnectivity स्थापना गरी वेव सर्भिस मार्फत Exim Code को लागि PAN Details उपलब्ध गराइएको।

१९. राष्ट्रिय सूचना प्रविधि केन्द्रद्वारा प्रयोगमा ल्याइएको नेपाल सरकारको पोर्टलमा वेव सर्भिस मार्फत सूचना उपलब्ध गराइएको।

२०. एकिकृत कर प्रणाली (Integrated Tax System) को SOP तयार गरी कार्यान्वयनमा ल्याइएको।

२१. विभागको महानिर्देशकको कार्यकक्षमा Real-time Revenue Collection को Monitoring को लागि डिस्प्ले सिस्टम प्रयोगमा ल्याइएको।

आन्तरिक राजस्व विभाग

### २.६.४ योजना तथा मानव संशाधन विकास शाखा

योजना तथा मानव संशाधन शाखाबाट आ.व. २०७३/७४ मा जनशक्तिको ज्ञान, क्षमता विकास गर्न विभिन्न स्वदेशी तथा विदेशी तालिम संचालनमा समेत सहभागिताका लागि मनोनयन लगायत देहाय बमोजिमका कार्यहरु सञ्चालन गरेको छ ।

- विभागको ५ वर्षे प्रथम रणनीतिक योजना मूल्यांकन गरी दोस्रो रणनीतिक योजना (२०१७/१८-२०२२/२३) तयारीको क्रममा रहेको ।
- विभागको वार्षिक कार्ययोजना तयार गरी कार्यालयहरुलाई सो अनुरुप वार्षिक कार्ययोजना तयार गर्न लगाइएको ।
- व्यवस्थापन गोष्ठीको आयोजना र सो बमोजिम कार्ययोजना तयार गरिएको ।
- विभाग र अन्तरगत कार्यरत कर्मचारीहरुलाई आधाभुत लेखा सम्बन्धी तालिम (Basic Accounting Training) संचालन गरिएको (२१ जना) ।
- वैदेशिक तालिम, सेमिनार, अध्ययन भ्रमणमा विभाग र अन्तरगत कार्यरत ४४ जनालाई सहभागी गराइएको ।
- विभाग र अन्तरगत सम्पन्न कार्यहरु एवं करदातालाई विभिन्न सूचना एवं जानकारी प्रवाह गर्नको लागि मासिकरुपमा कर बुलेटिन प्रकाशन गरिएको ।
- GIZ, IMF, JICA लगायत अन्य साझेदारहरुसंग सहकार्य र समन्वयलाई निरन्तरता दिइएको ।

### २.६.५ अनुगमन तथा मूल्यांकन शाखा

आर्थिक वर्ष २०७३/०७४ मा यस शाखाले विभागको आवश्यकतानुसार विभागमा राजस्व समीक्षा बैठक सञ्चालन गरेको र प्रत्येक महिना विभागले गरेको कार्य प्रगति, राजस्व असुली लगायत समीक्षात्मक प्रस्तुतीको विवरण अर्थ मन्त्रालयमा पेश गरेको छ । यस विभाग मातहतका ४९ वटै कार्यालयहरूको कार्य सम्पादन अनुगमन, निरीक्षण तथा मूल्यांकन गरेको, कार्यसम्पादन सूचकांक कार्यान्वयन निर्देशिका अद्यावधिक गर्ने, विभागका महानिर्देशक र निर्देशकहरू तथा महानिर्देशक र मातहतका कार्यालय प्रमुखहरूबीच कार्य सम्पादन सम्झौता सम्बन्धमा भूमिका निर्वाह गरेको र e-ims लाई अद्यावधिक गर्ने कार्य गरेको छ ।

आ.व. २०७३/०७४ मा आन्तरिक राजस्व कार्यालयहरूलाई तोकिएको कार्यगत लक्ष्य र प्रगतिको आधारमा देहायमा उल्लेख भए बमोजिम आन्तरिक राजस्व कार्यालय, महेन्द्रनगरले १०४.२६ प्रतिशत प्राप्त गरी प्रथम, आन्तरिक राजस्व कार्यालय, भरतपुरले १०३.३४ प्रतिशत प्राप्त गरी द्वितीय र आन्तरिक राजस्व कार्यालय, दाङले १०२.१६ प्रतिशत प्राप्त गरी तृतीय स्थान हासिल गरेका छन् । समग्र कार्यसम्पादनस्तर हेर्दा १९ ओटा कार्यालयहरूले A++, १३ ओटा कार्यालयहरूले A+ र ४ ओटा कार्यालयहरूले A ग्रेडिङ प्राप्त गरेका छन् । सबै कार्यालयहरूको शाखागत र कूल कार्यसम्पादनको अंक देहाय बमोजिम रहेको छ ।

| Office Name | Audit | | Appeal | | Collection | | Investigation | | TP Services | | Total | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Performance | Grade | Performance | Grade | Performance | Grade | Performance | Grade | Performance | Grade | Performance | Grade |
| Mahendranagar - 21 | 108 | A++ | | | 108.8 | A++ | | | 94.6 | A+ | 104.26 | A++ |
| Bharatpur - 19 | 106.72 | A++ | | | 107.04 | A++ | | | 95.08 | A++ | 103.34 | A++ |
| Dang - 51 | 107 | A++ | | | 105.96 | A++ | | | 92.08 | A+ | 102.16 | A++ |
| Lalitpur - 23 | 108.2 | A++ | | | 102.8 | A++ | | | 91.96 | A+ | 101.44 | A++ |
| Butwal - 33 | 106.16 | A++ | | | 98.04 | A++ | | | 93.84 | A+ | 99.62 | A++ |
